
# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क २० | २०७४, माघ १६–२९ | पूर्णाङ्क ६१४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १३ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | ७ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | ३ |
| इजलास नं. ९ | २ |
| जम्मा | ४२ |

| | |
|---|---|
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १३ | ४ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | ५ |
| इजलास नं. १९ | १ |
| एकल इजलास | १ |
| जम्मा | १९ |

**कूल जम्मा ४२ + १९ = ६१**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, माघ – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ९** |
| १. | सरकारी छाप दस्तखत किर्ते गरी ठगी गरेको | नेपाल सरकार वि. संजीव घलेसमेत | |
| २. | दूरसञ्चार ऐनअन्तर्गतको कसुर | नेपाल सरकार वि. विनोद न्यौपाने | |
| ३. | उत्प्रेषण / परमादेश | मुकुन्दप्रसाद पाण्डे वि. मालपोत कार्यालय, सिन्धुपाल्चोक | |
| ४. | उत्प्रेषण / परमादेश | नरेश नकर्मी वि. मालपोत कार्यालय, सुनसरीसमेत | |
| ५. | उत्प्रेषण / परमादेश | रामबाबु साहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| ६. | उत्प्रेषण | मोलायसी खातुन वि. ईद्रिस मियाँ अन्सारीसमेत | |
| ७. | उत्प्रेषण | मोलायसी खातुन वि. ईद्रिस मियाँ अन्सारीसमेत | |
| ८. | उत्प्रेषण / परमादेश | श्यामकुमार राई वि. मालपोत कार्यालय, संखुवासभासमेत | |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्ते राई | |
| १०. | बिना इजाजत चिरान साल काठ ओसारपसार | ओमबहादुर वि.क. वि. नेपाल सरकार | |
| ११. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. कविराम सुनार | |
| **इजलास नं. १** | | | **९ - १०** |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अर्जुनबहादुर विष्ट | |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विशुराम कार्की | |
| **इजलास नं. २** | | | **१० - ११** |
| १४. | मानव बेचबिखन | नेपाल सरकार वि. महेश बोहरासमेत | |
| १५. | अंश दर्ता | सुशीलप्रसाद दास वि. भोली देवी दाससमेत | |
| **इजलास नं. ३** | | | **१२** |
| १६. | उत्प्रेषण / परमादेश | सार्थक राउत वि. गृह मन्त्रालयसमेत | |
| १७. | निषेधाज्ञा | नवराज न्यौपाने वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत | |
| **इजलास नं. ४** | | | **१२ - २०** |
| १८. | कर्तव्य ज्यान | वीरेन्द्र राई वि. नेपाल सरकार | |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दलबहादुर विश्वकर्मा | |
| २०. | निषेधाज्ञा | लक्ष्मण सेठसमेत वि. दुलारीदेवी साह | |
| २१. | जबरजस्ती करणी | युवराज भट्ट वि. नेपाल सरकार | |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्तबहादुर उपरकोटी | |
| २३. | कर्तव्य ज्यान | रामी लुहार वि. नेपाल सरकार | |
| २४. | जबरजस्ती करणी | पर्शुराम राई वि. नेपाल सरकार | |
| **इजलास नं. ५** | | | **२० - २२** |
| २५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. नवराज सिलवालसमेत | |
| २६. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. नीलीमा महर्जन | |
| २७. | उत्प्रेषण | रामराज कुङ्कवर वि. नेपाली सेना सैनिक मुख्यालय, भद्रकालीसमेत | |
| **इजलास नं. ६** | | | **२२ - २४** |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मिलन थापा मगरसमेत | |

| | | | |
|---|---|---|---|
| २९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. मनोज पुन | |
| ३०. | वैदेशिक रोजगार | नेपाल सरकार वि. उपेन्द्रविक्रम हमाल | |
| **इजलास नं. ७** | | | **२४ - २५** |
| ३१. | भ्रष्टाचार | कृष्णबहादुर सापकोटा वि. नेपाल सरकार | |
| ३२. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. सफल यादवसमेत | |
| ३३. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | विश्वनाथप्रसाद तेली वि. नेपाल सरकार | |
| **इजलास नं. ८** | | | **२५ - २६** |
| ३४. | उत्प्रेषण | औमकृष्ण चौधरीसमेत वि. चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जसमेत | |
| ३५. | उत्प्रेषण | अशोककुमार चौधरी वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत | |
| **इजलास नं. ९** | | | **२६ - २८** |
| ३६. | अंश | मेजरीमाया श्रेष्ठसमेत वि. दिल कृष्ण (श्रेष्ठ) कोजुसमेत | |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनबहादुर वलीसमेत | |
| **इजलास नं. १०** | | | **२८ - ३०** |
| ३८. | जबरजस्ती चोरी | नेपाल सरकार वि. हिरामणी घर्तीमगरसमेत | |
| ३९. | अपहरण तथा शरीरबन्धक | नेपाल सरकार वि. सत्यनारायण चौधरीसमेत | |
| **इजलास नं. ११** | | | **३० - ३१** |
| ४०. | कर्तव्य ज्यान | विनोद कुँवर वि. नेपाल सरकार | |
| ४१. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | जनकराज भुसाल वि. नेपाल सरकार | |
| **इजलास नं. १२** | | | **३२ - ३३** |
| ४२. | उत्प्रेषण | जयदीप गौतम वि. त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान विद्यापरिषद् महाराजगन्ज, काठमाडौंसमेत | |
| ४३. | उत्प्रेषण / परमादेश | सर्मुनलाल शाक्य वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत | |
| **इजलास नं. १३** | | | **३३ - ३४** |
| ४४. | उत्प्रेषण / परमादेश | सोनाम सिं तामाङसमेत वि. उद्योग मन्त्रालय, सिंहदरबारसमेत | |
| ४५. | निषेधाज्ञा / परमादेश | राम पदारथ महतो वि. शान्तिदेवी झा | |
| **इजलास नं. १४** | | | **३४ - ३५** |
| ४६. | उत्प्रेषण | सिंहराज डाँगी वि. शिक्षा मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | |
| ४७. | उत्प्रेषण | भगवती आचार्य वि. नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डीसमेत | |
| **इजलास नं. १५** | | | **३५ - ३७** |
| ४८. | उत्प्रेषण / परमादेश | अरूणकुमार झा वि. स्वास्थ्य सेवा विभाग टेकुसमेत | |
| ४९. | उत्प्रेषण / परमादेश | प्रशान्तकुमार झासमेत वि. एन.आई.डि.सी. क्यापिटल मार्केट लि. कमलपोखरीसमेत | |
| **इजलास नं. १९** | | | **३७ - ३८** |
| ५०. | कर्तव्य ज्यान | कृष्णप्रसाद फुयाल वि. नेपाल सरकार | |
| **एकल इजलास** | | | **३८** |
| ५१. | उत्प्रेषण / परमादेश | तिर्थलाल श्रेष्ठसमेत वि. हनुमानढोका दरबार संग्रहालय विकास समितिसमेत | |

**संयुक्त इजलास**

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-CR-१४३०, सरकारी छाप दस्तखत किर्ते गरी ठगी गरेको, *नेपाल सरकार वि. संजीव घले समेत*

प्रतिवादीहरूले जग्गाको जग्गाधनी विदेशमा रहेको भन्ने थाहा जानकारी पाई उनाउ व्यक्तिलाई अब्दुल मतिन मन्सूर बनाएको भन्ने कुरा थाहा पाएपछि उक्त जग्गा बिक्री गर्ने कार्यमा अन्य प्रतिवादीहरूसँग मिलेमतो गरेको भन्ने देखिँदा उक्त जग्गाको जग्गाधनीको नागरिकता किर्तेसमेतको कार्य गरी उक्त जग्गाको हक हस्तान्तरण गरे गराएको भन्ने नै देखिने।

प्रतिवादीहरू संजीव घले र इन्द्रबहादुर थिङले उक्त जग्गाको वास्तविक जग्गाधनी विदेशमा रहेको भन्ने थाहा पाउँदापाउँदै सो जग्गा अन्य व्यक्तिका नाममा हक हस्तान्तरण गर्ने कार्यमा प्रतिवादी अब्दुल अयुब मन्सूरसमेतका अन्य प्रतिवादीहरूलाई साथ सहयोग गरी उक्त जग्गाको हक हस्तान्तरण गरे गराएको भन्ने देखिन आयो। प्रतिवादीहरूले सो कार्य गरे गराएबापत प्रतिवादी संजीव घलेले रू.४०,०००।- र अर्का प्रतिवादी इन्द्रबहादुर थिङले रू.४०,०००।- लिएको भनी स्वीकार गरेको अवस्थामा अभियोग दाबीबमोजिमको पूरै बिगो नै प्रतिवादीहरूले लिएको भनी पूरै बिगो कायम गर्न न्यायसम्मत हुने नदेखिँदा प्रतिवादीहरूले उक्त किर्ते तथा ठगीको कार्य गरी प्राप्त गरेको रकमलाई नै बिगो कायम गर्ने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर ठहर गरी भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट प्रतिवादीहरू संजीव घले र इन्द्रबहादुर थिङलाई ठगीको ५ नं. विपरीतको कसुरमा ऐ. ४ नं. बमोजिम २ (दुई) वर्ष ६ (छ) महिना कैद तथा निजहरूले लिएको रकमलाई बिगो कायम गरी सोबमोजिम रू. ४०,०००।- (चालीस हजार रूपैयाँ) जनही जरिवाना गरी सो बिगोसम्म निज प्रतिवादीहरूबाट दुर्गा पौडेल र शोभा खनालले भराई लिन पाउने ठहर गरेको हदसम्म सुरूको फैसलालाई कायम राखी प्रतिवादीहरूलाई ठगीको ४ नं. बमोजिम मात्र सजाय गरी किर्ते कागजको ९ र १२ नं. बमोजिम सजाय नगरी भएको काठमाडौं जिल्ला अदालतको मिति २०६८।२।९ को फैसला सो हदसम्म नमिली केही उल्टी भई प्रतिवादीहरूलाई मुलुकी ऐन, किर्ते कागजको महलको ९ नं. ले रू. ५०।– (पचास रूपैयाँ) जरिवाना भई ऐ. १२ नं. ले थप १ (एक) वर्ष कैदको सजायसमेत हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।५।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति इति संवत् २०७३ भदौ ८ गेत रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१६४८, दूरसञ्चार ऐनअन्तर्गतको कसुर, *नेपाल सरकार वि. विनोद न्यौपाने*

आई.पी. एड्रेस लिँदा परेको हस्ताक्षर र ल्याप्चे निज प्रतिवादीको नमूना दस्तखतसँग मिल्छ मिल्दैन भनी सुरू अदालतबाट परीक्षणको लागि राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा पठाएकोमा सो ल्याप्चे सहिछाप परीक्षण गरी पठाएको प्रतिवेदनमा आई.पी. एड्रेस लिँदा परेको हस्ताक्षर र ल्याप्चेसँग नमूना सहिछाप मिल्दैन भनी खुली आएको पाइयो। वादी पक्षबाट प्रतिवादीको कसुर प्रमाणित गर्ने अन्य ठोस र युक्तियुक्त प्रमाणसमेत गुजार्न सकेको पाइएन। त्यस्तै सहप्रतिवादी मोहम्मद सौराबुजामनले समेत प्रतिवादी विनोद न्यौपानेलाई पोल गर्न सकेको

समेत देखिएन । फौजदारी कसुरमा शङ्कारहित तवरबाट प्रतिवादीको कसुर प्रमाणित हुन नसकेको अवस्थामा शङ्काको सुविधा प्रतिवादीले पाउने नै हुन्छ । प्रतिवादी विनोद न्यौपानेको कसुर शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा निजलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी मोहम्मद सौराबजामनले ९ मार्च २०१० (२०६६।११।२५) देखि २०६७।९।११ सम्म २९३ दिन ८० लाइन गैरकानूनी VOIP सञ्चालन गरेको हुँदा नेपाल टेलिकमलाई प्रति महिना रू.९६,००,०००।- हानि नोक्सानी भएको भन्ने पुष्टि हुने कुनै प्रमाण वादीपक्षबाट पेस हुनसकेको समेत देखिएन। केवल नेपाल टेलिकमले अनुमानको आधारमा बिगो कायम गरी पठाएको पत्र र सोही पत्रअनुसार दायर भएको अभियोग पत्रकै आधारमा मात्र ठोस प्रमाणबाट पुष्टि नै हुन नसकेको बिगो कायम गर्न कानूनसम्मत हुँदैन । तसर्थ, एन.सेल. प्रा.लि. को रू.५७,६२०।३१ र सोको २५% ले हुने राजस्व रू.१,४४०५।०८ र नेपाल टेलिकमको वास्तविक रू.२९,३८६।८१ र सोको २५% ले हुने राजस्व रू.६,८१३।६०समेत जम्मा रू.१,०८,७५९।९२ हानि नोक्सानी भएको देखिन आएकाले अभियोग दाबीबमोजिम बिगो कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणसमेतको आधारमा प्रतिवादी विनोद न्यौपानेलाई कसुरबाट सफाइ दिई र प्रतिवादी मोहम्मद सौराबुजामनलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी भएको सुरूको फैसलालाई सदर गरी प्रतिवादी सौराबुजामनलाई रू.५ र करोड २५ हजार जरिवाना हुने ठहऱ्याएको हदसम्म काठमाडौं जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी प्रतिवादी सौराबुजामनलाई बिगो रू.१,०८,७५९।९२ (एक लाख आठ हजार सात सय उन्साठ्ठी रूपैयाँ बयानब्बे पैसा) जरिवाना हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।६।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-०९६०, उत्प्रेषण / परमादेश, *मुकुन्दप्रसाद पाण्डे वि. मालपोत कार्यालय, सिन्धुपाल्चोक*

प्राकृतिक न्यायको सिद्धान्तविपरीत निवेदकहरूलाई बुझ्दै नबुझी र सुनुवाइको मौकासमेत नदिई हठात् रूपमा लाभकर रकम छुट हुन गएको भनी उक्त रकम माग गरी निवेदकहरूका जग्गासमेत रोक्का राखेको भन्ने देखिन आयो । कुनै पनि व्यक्तिलाई सुनुवाइको उचित र पर्याप्त मौका नदिई एकतर्फी तवरबाट कारबाही गर्न वा कुनै रकम असुलउपर गर्न प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुन जान्छ । रिट निवेदकहरूले कानूनबमोजिम नै तिर्नु बुझाउनु पर्ने देखिएको रकम असुलउपर गरेको भन्नेमात्र आधारमा प्राकृतिक न्यायको सिद्धान्तअनुसार बुझ्नुपर्ने व्यक्तिसँग बुझ्दै नबुझी र सुनुवाइको मौकासमेत नदिई भएका कुनै पनि कार्यले कानूनी मान्यता प्राप्त गर्न नसक्ने।

रिट निवेदकहरूका नाममा रहेको जग्गाको हक हस्तान्तरण गर्दा कानूनअनुसार लाग्ने दस्तुर तिर्नु बुझाउनु पर्नेमा त्यस्तो दस्तुर लिन छुट भएको अवस्था देखिएमा त्यसको बारेमा रिट निवेदकहरूलाई विपक्षी कार्यालयले जानकारी गराई सोको सफाइ पेस गर्ने मौका दिएर उक्त रकम असुलीको कारबाही अगाडि बढाएको अवस्थामा मात्रै विपक्षी कार्यालयको काम कारबाहीले कानूनी मान्यता प्राप्त गर्न सक्छ । तर रिट निवेदकहरूले तिर्नु बुझाउनु पर्ने रकम असुल गर्ने प्रक्रिया नै प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलाप रहेको अवस्थामा त्यस्तो काम कारबाहीले मान्यता

पाउन नसक्ने ।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणबाट मालपोत कार्यालय, सिन्धुपाल्चोकको मिति २०६८।६।१० को पत्र एवम् सोसँग सम्बन्धित निर्णयहरू र निवेदकहरूका नाममा रहेका जग्गा रोक्का राख्नेसमेतका निर्णय एवम् कार्य उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकहरू मुकुन्दप्रसाद पाण्डे र शम्भुप्रसाद पाण्डेले सम्पत्तिको हक हस्तान्तरण गर्दा कानूनबमोजिम लाग्ने लाभकर लगायतको कुनै दस्तुर तिर्न बुझाउन बाँकी रहे भए सो सम्बन्धमा निवेदकहरूलाई प्राकृतिक न्यायको सिद्धान्तअनुसार सुनुवाइको उचित मौका दिएर मात्र असुलीको प्रक्रिया अगाडि बढाउनु भनी विपक्षी मालपोत कार्यालय, सिन्धुपाल्चोकका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-WO-०९३५, उत्प्रेषण / परमादेश, *फणिन्द्र पाण्डे वि. मालपोत कार्यालय, सिन्धुपाल्चोक* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०५३१, उत्प्रेषण / परमादेश, *नरेश नकर्मी वि. मालपोत कार्यालय, सुनसरीसमेत*

कुनै पनि व्यक्तिको कानूनी एवम् संवैधानिक हक अधिकारमा असर पर्ने गरी कुनै पनि निकायले निर्णय गर्छ भने त्यस्तो विषयमा सुनुवाइको उचित मौका दिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्त हो । रिट निवेदकको सम्पत्ति जस्तो नैसर्गिक अधिकारको प्रयोगमा बन्देज लगाउने गरी विपक्षीमध्येको नेपाल टेलिकमले निर्णय एवम् पत्राचार गर्दा रिट निवेदकलाई कुनै जानकारी दिएको भन्नेसम्म देखिन आएन । रिट निवेदकको निजी दर्ता तिरो भोग भएको देखिएको घर जग्गा रोक्का राख्नु पर्नाको कारणसहितको सूचना रिट निवेदकलाई दिएको समेत नदेखिएको अवस्थामा विपक्षीहरूको कार्यले कानूनी मान्यता पाउन सक्ने नदेखिने ।

एका व्यक्तिले गरेको अपराधमा बेसरोकार रहेको अर्को व्यक्तिलाई सजायको भागीदार बनाउन फौजदारी न्यायको सिद्धान्त प्रतिकूल भई त्यस्तो कार्यले वैधानिकता प्राप्त गर्न सक्दैन । प्रदिपकुमार नकर्मी र रिट निवेदक नगेश नकर्मीबीच काका भतिजा सम्बन्ध देखिनुले मात्र प्रदिपकुमार नकर्मीले गरेको कसुरमा निज फरार रहेको भन्ने आधारमा रिट निवेदकको सम्पत्ति रोक्का राख्नेलगायतका कार्य गर्न विपक्षीलाई कुनै पनि कानूनले अधिकार दिएको नपाइने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई राष्ट्रसेवकले गरेको अनियमितता एवम् भ्रष्टाचारको सम्बन्धमा छानबिन एवम् अनुसन्धान गर्ने अधिकार भए पनि बेसरोकार रहेको व्यक्तिको संवैधानिक एवम् कानूनी हक अतिक्रमण गर्ने गरी निर्णय गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतलाई कुनै पनि कानूनले दिएको पाइँदैन । आफूलाई नभएको अधिकार प्रयोग गरी कुनै पनि व्यक्तिको हकअधिकारमा संकुचन गर्ने वा उपभोग गर्न बन्देज लगाउने गरी निर्णय गर्नु अधिकारक्षेत्रात्मक त्रुटि हुन गई मान्यता नपाउने ।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट रिट निवेदक नगेश नकर्मीका नामको जिल्ला सुनसरी बाँझगरा १(क) कि.नं.१८५८ जग्गा विगाहा ०-०-१६ ३/४ जग्गा र सोमा बनेको घरसमेत रोक्का राख्ने गरी विपक्षीमध्येको नेपाल टेलिकम केन्द्रीय कार्यालयको निर्णय, सो निर्णयका आधारमा च.नं. २०४० मिति २०६७।५।२२ मा विपक्षी मालपोत कार्यालयलाई लेखेको पत्र र सो पत्रका आधारमा मालपोत कार्यालय, सुनसरीले उक्त जग्गा रोक्का राखेको कार्यसमेतका सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर

हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WO-०३०४, उत्प्रेषण / परमादेश, *रामबाबु साहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिटको माध्यमबाट अदालत प्रवेश गर्न कानूनले कुनै हदम्याद वा सीमा निर्धारण नगरेको भनी जहिलेसुकै अदालत प्रवेश गर्न पाउँछ भनी अर्थ गर्न मिल्दैन। रिट क्षेत्रमा विलम्बको सिद्धान्तले ढिलो गरी अदालत प्रवेश गर्नेलाई सहयोग गर्न रोक लगाएको छ। "विलम्बको सिद्धान्तले समन्यायलाई पराजित गर्छ" भन्ने कार्यविधि कानूनको मान्य सिद्धान्त रहेको हुँदा विलम्ब हुनाको उचित र विश्वासिलो प्रमाण पेस हुनुपर्ने हुन्छ। आफ्नो गुमेको हक स्थापनाका लागि कुनै प्रयास गरेको समेत नदेखिएको अवस्थामा ढिला गरी अदालत प्रवेश गर्ने व्यक्तिले अदालतबाट उपचार पाउन नसक्ने।

निवेदकहरूले २०६६।४।४ मा भएको निर्णयको द्रष्टव्यमा उल्लिखित व्यवस्था बदरका लागि २०६९ सालमा रिट निवेदन लिई अदालतमा प्रवेश गरेको भन्ने देखिन आयो। २०६६।४।४ मा भएको निर्णयबाट असर पुगेको भनी २०६९ सालमा मात्र अदालतमा प्रवेश गर्नुपर्नाको कुनै कारणसमेत निवेदनमा उल्लेख गर्न सकेको देखिएन। आफूले खाइपाई आएको ग्रेड रकम नपाउने गरी भएको निर्णयको बारेमा समयमा नै जानकारी हुने र जानकारी पाएको विषय देखिँदा निवेदकहरूले मिति २०६९।५।२७ मा मात्र अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरी निवेदन दिएको देखिँदा निवेदकहरूले समयमै उपचारको लागि प्रयास गरेका रहेछन् भन्न मिलेन। उपचार खोज्ने पक्षले समयमा नै खोज्नुपर्ने हुन्छ। आफ्नो हकमा आघात पुगेको अवस्थामा निवेदकहरूले चनाखो भई समयमा आफ्नो हक प्रतिस्थापनको लागि आउनु पर्नेमा अनुचित विलम्ब गरी प्रस्तुत रिट निवेदन दिएको पाइने।

अतः उल्लिखित तथ्य, सिद्धान्त एवम् प्रमाणबाट नेपाल सरकारको मिति २०६६।४।४ मा भएको निर्णयको द्रष्टव्यमा उल्लेख गरिएको व्यवस्था बदरका लागि निवेदकहरूले अनुचित विलम्ब गरी उपचारको मार्ग अवलम्बन गरेको देखिँदा निवेदकहरूले उठाएको विषयभित्र प्रवेश गरिरहनु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०५५१, उत्प्रेषण, *मोलायसी खातुन वि. ईद्रिस मियाँ अन्सारीसमेत*

मातहत अदालतमा विचाराधीन मुद्दामा म्याद नाघेको वा बेरीत भएको अवस्थामा मात्रै अ.बं. १७ नं. को निवेदनको माध्यमबाट पुनरावेदन सुन्ने अड्डाले त्यस्तो बेरीत भएको वा म्याद नाघेको हदसम्म बदर गरी कानूनबमोजिम गर्नु भनी मातहत अदालतलाई आदेश दिनसक्ने देखिन्छ। तर मातहत अदालत वा निकायमा विचाराधीन नरही अन्तिम निर्णय भएको विषयमा अ.बं.१७ नं. को निवेदन ग्रहण गरी पुनरावेदन सुनेसरह गरी निर्णय गर्नसक्ने अधिकार पुनरावेदन सुन्ने अदालतलाई भएको नपाइने।

कुनै पनि व्यक्तिको गुमेको कानूनी अधिकारको उपचारको लागि कानूनले के कति समयमा अदालत प्रवेश गरिसक्नुपर्ने भनी कानूनले हदम्यादसम्बन्धी व्यवस्था गरेको हुँदा साधारण अधिकारक्षेत्रबाट अदालत प्रवेश गर्दा कानूनले निर्धारण गरेको हदम्याद

नघाई अदालत प्रवेश गरेको अवस्थामा त्यस्तो व्यक्तिले उपचार पाउन सक्ने हुँदैन। रिटको माध्यमबाट अदालत प्रवेश गर्दा यति नै समयावधिभित्र प्रवेश गरिसक्नुपर्ने भनी निश्चित हदम्याद कुनै पनि कानूनले नतोकेको भए पनि रिट क्षेत्राधिकारमा विलम्बको सिद्धान्त आकर्षित हुने।

रिट क्षेत्राधिकारबाट अदालत प्रवेश गर्न कुनै कानूनले हदम्याद नतोकेको भए पनि अनुचित विलम्ब गरी रिट क्षेत्रबाट प्रवेश गरेको अवस्थामा त्यस्तो रिट निवेदनको माध्यमबाट उपचार पाउन सक्ने हुँदैन। समयमा आवश्यक कानूनी उपचार नखोजी मौन बसी लामो समयपश्चात् आफूलाई मर्का परेको भनी जहिलेसुकै पनि अदालतमा प्रवेश गर्ने हो भने त्यसले समाजमा सधैँ भयको स्थिति सिर्जना गर्ने हुँदा सो स्थितिको अन्त्यका लागि नै हदम्यादसम्बन्धी कानूनी व्यवस्था गरिएको।

जुन आदेश बदरका लागि प्रस्तुत रिट दायर भएको हो सो आदेशअनुसारको कार्य नै समाप्त भइसक्दासम्म मैले थाहा पाइन भनी चुप लागि आफ्नो गुमेको अधिकार स्थापित गर्ने चासोसम्म नदेखाई त्यस्तो आदेश भएको ४ वर्षपछि मात्र प्रस्तुत रिट निवेदन परी अनुचित विलम्बले ग्रसित भएको देखिँदा निवेदनमा उठाएका विषयभित्र प्रवेश गरिरहनु पर्ने अवस्था नदेखिने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था, सिद्धान्त एवम् प्रमाणबाट प्रत्यर्थी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६३।८।२२ मा भएको आदेश बदरका लागि निवेदकले अनुचित विलम्ब गरी उपचारको मार्ग अवलम्बन गरेको देखिँदा निवेदकले उठाएका विषयभित्र प्रवेश गरिरहनु पर्ने अवस्था नहुँदा अनुचित विलम्व गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०४१५, उत्प्रेषण, *मोलायसी खातुन वि. ईद्रिस मियाँ अन्सारीसमेत*

रिट निवेदकका परदाता ईमामुन नेसाका नाममा जग्गा कायम हुने गरी आएको स्रोत नै कानूनसम्मत नभएको भन्ने देखिएको अवस्थामा रिट निवेदक मोलायसी खातुनले खरिद गरी लिएको भन्ने मात्र आधारमा रिट जारी गर्न मिल्ने हुँदैन। रिट निवेदकका परदाताले प्राप्त गरेको स्रोत नै अवैधानिक भई निजका नाममा मोही कायम हुन आएको भनिएको जग्गाका वास्तविक मोही निज नभएको भनी मोही हक नै स्थापित नभएको आधारमा साधिकार अदालतबाट फैसला भई अन्तिम भइसकेको अवस्थामा त्यस्तो जग्गा रिट निवेदकले के कसरी प्राप्त गरेका थिए वा छन् भन्ने विषयमा विवेचना गरिरहनपर्ने नदेखिने।

रिट निवेदकका परदाता ईमामुन नेसा र यासिन मियाँ अन्सारीबीच कि.नं. ३९६ को जग्गा आधाआधा बाँडफाँड गर्ने गरी मिति २०६२।४।४ मा भएको मिलापत्र बदर हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला अन्तिम भएको अवस्थामा सो फैसलाबमोजिम नै उक्त कि.नं. ३९६ को जग्गामा साबिक मोही अब्दुल मियाँ अन्सारीको नाम कायम हुने गरी भूमिसुधार कार्यालयबाट मिति २०६७।४।१६ मा निर्णय भएको भन्ने मिसिल संलग्न प्रमाण मिसिलसमेतबाट देखिन आयो। रिट निवेदक मोलायसी खातुनका परदाता ईमामुन नेसाको अधिकार नै स्थापित हुन नसकेको जग्गाको ईमामुन नेसाबाट हक हस्तान्तरण हुँदै रिट निवेदकका नाममा आएको भन्ने देखिँदा रिट जारी गर्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणबाट निवेदन मागबमोजिम भूमिसुधार कार्यालय, बाराको मिति २०६७।४।१६ को टिप्पणी आदेश पर्चा र सोको आधारमा भूमिसुधार कार्यालय, बाराले

मालपोत कार्यालय, बारालाई लेखेको च.नं. ९६ मिति २०६७।४।१६ को पत्रसमेतका कार्यहरू उत्प्रेषणको आदेशले बदर गर्न मिल्ने देखिएन, रिट खारेज हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०६९२, उत्प्रेषण / परमादेश, *श्यामकुमार राई वि. मालपोत कार्यालय, संखुवासभासमेत*

निवेदनमा उल्लिखित जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ख बमोजिमको समितिले गरेको निर्णयअनुसार उक्त जग्गाको फिल्डबुकमा समेत वनक्षेत्र जनिइसकेको भन्ने आधारमा रिट निवेदकका नाममा दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालयले मिति २०७०।११।६ मा निर्णय भएको भन्ने रिट निवेदनबाटै खुल्न आएकोबाट निवेदक श्यामकुमार राईले आफ्नो निर्विवाद हकभोगको भनी दाबी लिएको भए पनि उक्त जग्गाको सम्बन्धमा धेरै लामोसम्म चुप लागि बसेको भन्ने नै देखियो। आफ्नो भनी दाबी लिएको जग्गाको सम्बन्धमा कुनै खोजखबर नै नराखी बेखबर रहनाको कारणसम्म पेस गर्नसकेको नपाइँदा कुनै आधार र कारणबिना विलम्ब गरी अदालतमा प्रवेश भएको रिटको माध्यमबाट तथ्यमा प्रवेश गरी उपचार दिन मिल्ने नदेखिने।

२०५२।४।३१ मा दाबीका जग्गाहरू वनक्षेत्रभित्रका जग्गा हुन् भनी निर्णय भई सो निर्णयका आधारमा उक्त जग्गाको फिल्डबुकमा समेत वनक्षेत्र भनी जनिइसकेको अवस्थामा सोको जानकारी २०७० सालमा मात्र पाएको भन्ने निवेदकको कथनसँग सहमत हुन सकिएन। समयमा आवश्यक कानूनी उपचार नखोजी सुतेर बस्ने र आफूलाई जहिले मन लाग्यो तहिले मात्र मर्का परेको भनी अदालतमा प्रवेश गर्ने हो भने त्यसले समाजमा सधैँ भयको स्थिति सिर्जना गर्ने हुँदा सो स्थितिको अन्त्यका लागि नै कानूनले निश्चित समयसीमा तोकी हदम्यादसम्बन्धी व्यवस्था गरेको हो। रिट क्षेत्रबाट अदालत प्रवेश गर्ने व्यक्तिलाई हदम्यादसम्बन्धी कानूनी व्यवस्था लागू नहुने भनी जहिलेसुकै अदालत प्रवेश गर्न विलम्बको सिद्धान्तले रोक लगाउने।

निवेदकले दाबी लिएका जग्गाहरू वनक्षेत्रभित्र पर्ने भनी मिति २०५२।४।३१ मा जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ख बमोजिम गठित समितिबाट निर्णय भएको भन्ने देखिँदा सो निर्णय र सोका आधारमा भए गरेका सम्पूर्ण काम कारबाही र निर्णय तथा मालपोत कार्यालयले मिति २०७०।११।६ मा गरेको निर्णय र सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी अनुचित विलम्ब गरी दायर हुन आएको देखिँदा निवेदनमा उठाएका विषयभित्र प्रवेश गरिरहनु पर्ने अवस्था नदेखिने।

अतः उल्लिखित तथ्य, सिद्धान्त एवम् प्रमाणबाट विपक्षी जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ख बमोजिम गठित समितिको मिति २०५२।११।६ को निर्णय र सोका आधारमा भए गरेका सम्पूर्ण काम कारबाही एवम् विपक्षी मालपोत कार्यालय, संखुवासभाको मिति २०७०।११।६ को निर्णयसमेतका काम कारबाही बदरका लागि निवेदकले अनुचित विलम्ब गरी उपचारको मार्ग अवलम्बन गरेको देखिँदा निवेदकले उठाएका विषयभित्र प्रवेश गरिरहनु पर्ने अवस्था नहुँदा अनुचित विलम्ब गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

- यसै लगाउको ०६८-WO-००८५, उत्प्रेषण / परमादेश, *श्यामकुमार राई वि. मालपोत कार्यालय, संखुवासभासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

९

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-०१५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सन्ते राई*

प्रतिवादीले अदालतमा बयान गर्दा घटना सम्बन्धमा आफूलाई सम्झना नभएको, म पागल भएछु भन्ने उल्लेख गरे पनि आफू पागल भएको र आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा नपाउने गरी पहिलेदेखि मानसिक सन्तुलन गुमाएको भन्ने प्रमाणमा ग्राह्य हुने कुनै प्रमाण निजले प्रस्तुत गर्नसकेको देखिँदैन । चुनावमा भोट खसाली घर फर्कने विषयमा श्रीमतीसँग विवाद भएको र सोही कारण श्रीमतीलाई फलामको सिक्कल प्रहार गरी मारेको भनी प्रतिवादीले बयानको क्रममा व्यक्त गरेको पाइन्छ । श्रीमतीसँग विवाद भएको तत्कालै हत्या भएको भन्ने पनि देखिँदैन । चुनावमा भोट खसाली घरमा आएको लामो समयपछि राति श्रीमतीसँग साथै सुतेको अवस्थामा आफूसँगै सुतेको श्रीमतीलाई कर्तव्य गरी मार्नुको पछाडि आपराधिक योजना रहेको प्रस्ट देखिन आउँछ । यसरी योजना मुताबिक भएको कार्यले आपराधिक दायित्वबाट उन्मुक्ति पाउने भन्न नमिल्ने ।

सुनियोजित रूपमा श्रीमतीको हत्या गरी कालीलाई चढाएको भन्ने प्रतिवादीको अभिव्यक्तिबाट निजको मानसिक अवस्था ठीक नभएको भन्ने जिकिर विश्वासयोग्य देखिँदैन । रिसको आवेग वा रिस साँध्ने प्रतिक्रियात्मक व्यवहार कदापि अपराधबाट उन्मुक्ति प्राप्त गर्ने आधार हुन सक्दैन । मानसिक अवस्था ठीक नहुनु र मानसिक अवस्था ठिक नभएको भान पार्नु फरक कुरा हो । मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीको मानसिक अवस्था ठिक नभएको भनी भन्न सकिने अवस्था देखिँदैन । आफूले गरेको कामको प्रकृति र परिणामको जानकारी नहुने गरी मानसिक सन्तुलन बिग्रेको व्यक्तिले गरेको आपराधिक कार्य क्षम्य हुन सक्दछ अपितु त्यस्तो जिकिर लिने व्यक्तिले सो परिस्थितिको निर्विवादरूपमा आधिकारिक प्रमाणबाट पुष्टि गर्नु आवश्यक हुन्छ । विवादरहित ढंगबाट पुष्टि हुन नआएको तथ्यमा लिइएको जिकिर प्रमाणमा ग्राह्य गर्न कानूनत: नमिल्ने ।

प्रतिवादीले अपराध गरेको अवस्थामा आफूले गरेको कामको परिणाम जान्न र बुझ्न सक्ने अवस्था थिएन भनी स्वयम् प्रतिवादीका भाइ जाहेरवाला सुकविर राई एवम् मौकामा कागज गर्ने कमल राईसमेतले उल्लेख गरेको पाइँदैन । यसका अतिरिक्त मानसिक अवस्था ठिक नभएको मानिसले चुनावमा भोट खसाल्न सक्ने हैसियत राख्छ भनी भन्न मिल्ने पनि हुँदैन । तसर्थ शङ्कारहित आधार र प्रमाणबिना प्रतिवादीको मौखिक कथनको अधारमा निजको मानसिक सन्तुलन ठिक नभएको भनी अनुमान गर्न नमिल्ने हुँदा पुनरावेदन अदालतबाट भएको फैसला अन्यथा नभई मनासिब देखिन आउने ।

अतः माथि उल्लिखित तथ्य र विवेचित आधार प्रमाणबाट प्रतिवादी सन्तबहादुर राई भन्ने सन्ते राईले आरोपित कसुर गरेको ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरेको सुरू इलाम जिल्ला अदालतको मिति २०७१।१।१७। को फैसला सदर हुने ठहर गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७१।१२।२३ मा भएको फैसला मिलेको देखिँदा साधक सदर ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल वैशाख २० गते रोज २ शुभम् ।

१०

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-१४२५, बिना इजाजत चिरान साल काठ ओसारपसार, *ओमबहादुर वि.क. वि. नेपाल सरकार*

पुनरावेदनको हक कानूनले नै व्यवस्थित

गरेको हुन्छ । कुन मुद्दामा कहाँ पुनरावेदन लाग्ने भन्ने कुरा कानूनमा उल्लेख भएअनुसार नै हुने भएकाले कुन कानूनका आधारमा पुनरावेदन गरेको भन्ने कानूनी आधार खुलाउने दायित्व पनि सम्बन्धित पक्षको नै रहने गदर्छ । पुनरावेदनको हक कानूनी हक भएकाले सम्बन्धित कानूनले तोकेको सीमा, सर्तअनुसार नै यसको प्रयोग र पालना गरिनुपर्ने मुद्दामा जस्तोसुकै बिगो, जरिवाना र कैदको दाबी भएपनि सुरूले गरेको फैसलाउपर पुनरावेदन अदालतबाट पुनरावेदनको रोहमा फैसला हुँदा के कस्तो सजाय हुने ठहरी फैसला भएको हो सोको आधारमा यस अदालतमा पुनरावेदन लाग्ने गरी सीमा र सर्त तोकिएकोले सोहीअनुसार तोकिएको परिसीमाभित्र परेकोमा यस अदालतमा पुनरावेदन गर्नुपर्ने हुन्छ, सो परिसिमाअनुसार सुरू सुर्खेत जिल्ला अदालतले ठहर गरेको कसुरलाई अन्यथा नभनी सजायतर्फ सुरू फैसला केही उल्टी गरी यी पुनरावेदक / प्रतिवादीहरू ओमबहादुर वि.क. र लक्ष्मी वि.क. को हकमा वन ऐन, २०४९ को दफा ४९(घ)(४) को कसुरमा ऐ. ऐनको दफा ५०(१)(घ)(४) बमोजिम जनही छ महिना कैद, हुने ठहराइ फैसला भएकोमा सो फैसलाउपर न्याय प्रशासन ऐन २०४८ को दफा ९(१)(ग) बमोजिम यस अदालतमा यी पुनरावेदक / प्रतिवादीहरूको पुनरावेदन लाग्न सक्ने देखिएन । अतः पुनरावेदन लाग्न नसक्नेमा प्रस्तुत पुनरावेदन पर्न आएको देखिएकाले पुनरावेदनको औचित्यतर्फ विचार गरिरहन नपर्ने ।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम् ।

११

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०८११, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. कविराम सुनार*

प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, सुर्खेतबाट फैसला हुँदा जिल्ला अदालत दैलेखको फैसला केही उल्टी गरी प्रस्तुत मुद्दाका प्रत्यर्थी / प्रतिवादी कविराम सुनारलाई २ वर्ष कैद हुने ठहऱ्याई फैसला भएकोमा सो फैसलाउपर नेपाल सरकारको तर्फबाट प्रस्तुत पुनरावेदन परेको देखियो । पुनरावेदनको हक कानूनले नै ब्यवस्थित गरेको हुन्छ । कुन मुद्दामा कहाँ पुनरावेदन लाग्ने भन्ने कुरा कानूनमा उल्लेख भएअनुसार नै हुने भएकाले कुन कानूनका आधारमा पुनरावेदन गरेको भन्ने कानूनी आधार खुलाउने दायित्व पनि सम्बन्धित पक्षको नै रहने गर्दछ । पुनरावेदनको हक कानूनी हक भएकाले सम्बन्धित कानूनले तोकेको सीमा, सर्तअनुसार नै यसको प्रयोग र पालना गरिनु पर्ने ।

प्रस्तुत पुनरावेदनको आधारको रूपमा उल्लेख गरिएको न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को खण्ड (ख) र (ग) ले सर्वोच्च अदालतमा पुनरावेदन लाग्नसक्ने सम्बन्धमा सीमा र सर्त तोकेको देखिन्छ । मुद्दामा जस्तोसुकै बिगो, जरिवाना र कैदको दाबी भएपनि सुरूले गरेको फैसलाउपर पुनरावेदन अदालतबाट पुनरावेदनको रोहमा फैसला हुँदा के कस्तो सजाय हुने ठहरी फैसला भएको हो सोको आधारमा यस अदालतमा पुनरावेदन लाग्ने गरी सीमा र सर्त तोकिएकोले सोहीअनुसार तोकिएको परिसिमाभित्र रही यस अदालतमा पुनरावेदन गर्नुपर्ने हुन्छ, सो परिसीमाअनुसार दैलेख जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदन अदालत, सुर्खेतले मिति २०७०।२।२७ मा यी प्रत्यर्थी / प्रतिवादी कविराम सुनारलाई २ वर्ष कैद सजाय हुने ठहऱ्याई गरेको फैसलाउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन लाग्नसक्ने देखिएन । अतः पुनरावेदन लाग्न नसक्नेमा वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखिएकाले पुनरावेदनको

औचित्यतर्फ विचार गरिरहन परेन । प्रस्तुत पुनरावेदन अ.बं.१८० नं. ले खारेज हुने ।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RC-००५०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अर्जुनबहादुर विष्ट*

प्रतिवादीका आमा जयमती देवी विष्ट एवम् विष्णुबहादुर विष्टसमेतले प्रतिवादी अर्जुन र मृतक नरबहादुरबीच पहिला पनि झैझगडा भइरहेकोले सोही इबी लिई मारेका हुन् भनी अनुसन्धानको क्रममा आफ्नो व्यहोरा लेखाई सोलाई समर्थन हुने गरी अदालतमा बकपत्रसमेत गरेको देखिन्छ । वस्तुस्थिति मुचुल्काका जनकराज जोशीसमेतका मानिसहरूले पनि सोही व्यहोरालाई समर्थन हुने गरी आफ्नो व्यहोरा लेखाएका छन् । प्रतिवादी अर्जुनबहादुर विष्टले अनुसन्धानको क्रममा एवम् अदालतमा समेत बयान गर्दा आरोपित कसुर स्वीकार गरेको मिसिल संलग्न निजको बयान व्यहोराबाट देखिएको र प्रस्तुत वारदातमा अन्य कुनै व्यक्तिको संलग्नता रहेको कुरा मिसिल संलग्न कागजातहरूबाट नदेखिएकोले प्रतिवादी अर्जुनबहादुर विष्टको कर्तव्यबाट नै निजको बुबा नरबहादुर विष्टको मृत्यु भएको प्रमाणित हुन आउने ।

तसर्थ प्रतिवादीले कोदालोजस्तो धारिलो हतियारले नरबहादुरको टाउको जस्तो संवेदनशील अङ्गलगायत शरीरका अन्य भागमा पटकपटक प्रहार गरेको अवस्था देखिएबाट निजले आफ्नो बाबुसँग पहिला भएको झैझगडाको रिसइबी लिई निजको ज्यान मार्ने उद्देश्यले कर्तव्य गरी मारेको प्रमाणित भएको देखिँदा निजको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(१) नं. मा उल्लिखित अपराध गरेको पुष्टि हुन आउने ।

मृतक नरबहादुर विष्टको कर्तव्य गरी मार्न प्रयोग भएको हतियार निजको शरीरमा लागेको चोट र प्रतिवादीले मृतकसँग पहिलादेखि हुँदै गरेको झैझगडासमेतको रिसइबी लिई कर्तव्य गरी मारेको समेतको आधार र कारणबाट सुरू र पुनरावेदन अदालतबाट निजलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गरी भएको फैसला अन्यथा देखिन नआउने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी अर्जुनबहादुर विष्टले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं.अनुसारको कसुर गरेकोले सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७१।०९।२१ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ फागुन १४ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RC-००७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विशुराम कार्की*

मृतक शारदा कार्कीको अनुहारमा, नाकमा रगतजस्तो पदार्थ लागेको, घाँटीमा निलडाम रहेको, दुवै आँखामाथि निलडाम रही हल्का सुन्निएको भनी लासजाँच प्रकृति मुचुल्काबाट देखिन्छ । शारदा कार्कीको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Ligature Strangulation भनी उल्लेख भएको छ । यसरी लासजाँच प्रकृति मुचुल्कामा मृतकको शरीरको

विभिन्न अङ्गमा चोट लागेको देखिएको र निजको शव परीक्षण प्रतिवेदनमा उल्लिखित मृत्युको कारण हेर्दा निजको मृत्यु घरमा लडेर नभई कर्तव्यबाट भएको पुष्टि हुने।

प्रतिवादी विशुराम र निजको श्रीमतीबीच पहिला पनि झैझगडा भइरहेको कुरा यी प्रतिवादी स्वयम्ले अदालतसमक्ष समेत बयान गर्दा स्वीकार गरेका छन् भने वारदातका दिन पनि धेरैबेरसम्म झगडा भएको कुरा सहअभियुक्त सिद्धार्थ कार्की एवम् मृतककी छोरी प्रिया कार्कीको अनुसन्धानको क्रममा भएको कागज एवम् अदालतसमक्षको बकपत्रबाट समेत पुष्टि भइरहेको छ। यसरी टाइ अथवा कुनै डोरीले कुनै मानिसको घाँटीमा कस्दा उसको मृत्यु हुनसक्छ भन्ने कुरा एउटा सामान्य मानिसको जानकारीमा रहेको हुनाले निजले सो कार्य शारदा कार्कीको ज्यान मार्ने मनसायले नै गरेको देखिन आयो। झगडा हुँदा सामान्य कुटपिट हुनु स्वाभाविक हो, तर टाइले घाँटी कस्दा निजको मनसाय नै ज्यान मार्ने रहेको देखिएको र सो कुरा लुकाउनको निम्ति निजले मृतकलाई भऱ्याङ्गनिर ल्याएर राखेको अवस्था देखिँदा निज प्रतिवादी विशुराम कार्कीको कर्तव्यबाट शारदा कार्कीको मृत्यु भएको पुष्टि हुन आयो । तसर्थ प्रतिवादीलाई दोषी ठहर गरी सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः उल्लिखित आधार कारण र प्रमाणको आधारमा प्रतिवादी विशुराम कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं.को कसुरमा ऐ.१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको भक्तपुर जिल्ला अदालतको फैसलालाई सदर ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७१।१०।१३ को फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७२ फागुन १४ गते रोज ६ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-१२०४, मानव बेचबिखन, *नेपाल सरकार वि. महेश बोहरासमेत*

मिसिल संलग्न प्रमाणबाट पीडित भारत पुगेको कुरामा विवाद देखिँदैन । एक स्थानबाट अर्को स्थानसम्म पुग्नुलाई नेपाल कानूनले निषेधित गरेको पनि छैन। यस्तोमा पीडित कुन उद्देश्यले त्यस स्थानमा पुगेको हो भन्ने कुरा मात्र प्रमुख हुने हो । प्रस्तुत वारदातमा पीडित भारत पुग्नुको मक्सद बेचबिखन नभई प्रेम सम्बन्ध रहेको प्रतिवादीलाई भेट्नको लागि गएको भन्ने तथ्य प्रमाणित भइरहेको अवस्था छ। पीडितको आग्रहमा नै प्रतिवादीले पीडितलाई भारतमा लगेको र मानिस किन्ने बेच्ने कार्य भएको प्रमाणित भएको नहुँदा प्रतिवादीलाई अभियोग माग दाबीबमोजिमको कानूनी प्रावधान आकर्षित हुने नदेखिने।

प्रतिवादीहरूले मौका र अदालतमा अभियोग दाबीबमोजिम आरोपित कसुरमा इन्कारी रही बयान गरेको र उक्त इन्कारी बयानलाई समर्थन गर्ने गरी निज प्रतिवादीहरूको साक्षीले अदालतमा बकपत्रसमेत गरिदिएको देखिनुका साथै, प्रतिवादीले मानव बेचबिखनजस्तो कार्य गरेको प्रत्यक्ष देख्ने चस्मदिद गवाहको अभाव जस्ता विषयबाट प्रतिवादीको निर्दोषिता प्रमाणित भइरहेको देखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको

फैसलामा कानूनी त्रुटि रहेको नदेखिने।

अतः उल्लिखित आधार र कारणबाट प्रतिवादी लक्ष्मी बोहरालाई सफाइ दिने र प्रतिवादी महेश बोहरालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(२) बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहऱ्याएको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०६७।६।५ को फैसला केही उल्टी गरी प्रतिवादीहरू महेश बोहरा र लक्ष्मी बोहरालाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।१२।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CI-११९०, अंश दर्ता, *सुशीलप्रसाद दास वि. भोली देवी दाससमेत*

बन्डा लाग्ने सम्पत्ति के कुन हो भनी देखाउने दायित्व मुद्दाका पक्षको हो। अदालतबाट तायदाती माग भएको बखत तायदाती नबुझाउने यी प्रतिवादीहरूले हाल आएर वादीले पेस गरेको तायदातीलाई मात्र आधार लिई फैसला भएको भनी लिएको दाबी युक्तिसँगत देखिएन । सुरू अदालतको फैसलामा तायदातीमा उल्लिखित सम्पत्तिको दर्ता स्रेस्ता भिडेका सम्पत्तिबाट अंश भाग पाउने भनी उल्लेख भएको देखिएको र अंश मुद्दामा पहिले तायदाती फाँटवारीमा परेको बन्डा लाग्ने ठहर भएको सम्पत्तिमा घटबढ भएको अवस्थामा पनि जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८बमोजिमको प्रक्रिया अवलम्बन गरी फैसला कार्यान्वयन गर्न बाधा पर्ने अवस्थासमेत नदेखिँदा यी पुनरावेदकको अंश हकमा प्रत्यक्ष असर परेको भन्नेसमेत देखिन आएन। साथै उक्त फैसलाअनुरूप यी प्रतिवादीहरूको रोहबरमा मिति २०६८।७।७ मा बन्डा मुचुल्कासमेत भएको भन्ने प्रत्यर्थी वादीहरूले पेस गरेको लिखित प्रतिवाद तथा भोली देवीसमेतले दिएको ०७०-WO-०३१० को उत्प्रेषणको रिट निवेदनमा उल्लेख भइरहेको देखिएकोले कार्यान्वयन भइसकेको फैसलाउपर पुनरावेदनको रोहबाट विचार गरी रहनु पर्ने अवस्थासमेत नदेखिने।

नथुनी र जहानवतीका दुई छोरा चण्डीप्रसाद र ताराप्रसाद दासबीच २०१६ सालमा बन्डा भई छुट्टी भिन्न भएको भन्ने तथ्यमा वादी प्रतिवादी दुवैको मुख मिलेको देखिन्छ । २०१६ सालको बन्डाबमोजिम ताराप्रसादका सन्तानले अंश पाए नपाएको भन्ने सम्बन्धमा यस मुद्दाबाट विवेचना हुनसक्ने देखिएन । ताराप्रसादका छोरा पुष्कर दासले यीनै वादी प्रतिवादीका उपर दिएको २०६७ सालको मु.नं. CP-१८२९ को फैसला बदर मुद्दामा सप्तरी जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याइ मिति २०७१।२।२८ मा फैसला भई अन्तिम हुन गएको देखियो। यसरी जहानवतीको सम्पत्ति तारा प्रसादकै छोराले दाबी गरेको मुद्दामा वादी दाबी नपुग्ने भएपछि स्वर्गीय भइसकेका तारा प्रसादलाई बुझ्नुपर्ने नदेखिने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट वादीले ५ भागमध्ये ३ भाग अंश पाउने गरी सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याइ पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६८-CI-११९१, अंश दर्ता, *सुशिलप्रसाद दास वि. भोली देवी दाससमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-WO-१११५, उत्प्रेषण / परमादेश, *सार्थक राउत वि. गृह मन्त्रालयसमेत*

निवेदकका बाबुआमा दुवैले नेपालको संविधान प्रारम्भ हुनुपूर्व नै नेपालको नागरिकता प्राप्त गरेको देखिन्छ । निवेदकका बाबुले जन्मको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा आमाले वंशजका आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गरेको देखिन्छ । प्रस्तुत अवस्थामा यी निवेदकले वंशजका आधारमा नै नेपाली नागरिकता पाउनुपर्ने कुरालाई अन्यथा भन्न सकिएन । नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को प्रावधानसमेतले पनि यी निवेदकले वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनमा कुनै बाधा गरेको नदेखिने ।

संविधान वा कानूनलाई मन्त्रालयको निर्णय वा परिपत्रले काट्नु विधिशास्त्रीय मान्यतासमेतको विपरीत हुने भएकोले गृह मन्त्रालयको मिति २०७०।१२।२० को परिपत्रअनुसार संविधान र कानूनको प्रावधानविपरीत निवेदकलाई वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन नसकिने भन्ने जिल्ला प्रशासन कार्यालय, चितवनको मिति २०७३।१०।५ को पत्र संविधान तथा प्रचलित कानूनको विपरीत रहेको देखिँदा उक्त पत्राचार उत्प्रेषणको आदेशले बदर हुने ।

अत: संविधान र कानूनबमोजिमको हक र सोको उपचार निवेदकले उपभोग गर्न पाउनुपर्ने भएकोले रिट निवेदकले उपभोग गर्न पाउनुपर्ने भएकोले रिट निवेदकले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनुपर्ने अवस्था हुँदा निवेदकलाई रीतपूर्वक वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-०३०५, निषेधाज्ञा, *नवराज न्यौपाने वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

प्रस्तुत विवादमा न त विपक्षी व्यक्तिहरूले प्रहरी प्रशासनसमक्ष कुनै उजुरी निवेदन दिएको देखिन्छ न त प्रहरी प्रशासनको तर्फबाट निवेदक विरूद्ध पक्राउ गर्न प्रहरी परिचालन भएको वा हुनसक्ने अवस्था रहेको स्थापित हुनसकेको छ । यस्तो अवस्थामा पुनरावेदक / निवेदकले आफ्नो निवेदनमा लेखेको मात्र भरमा निज विरूद्ध उल्लिखित कार्यहरू हुनसक्ने भनी अनुमान गर्न मिल्दैन । निवेदक विरूद्ध उल्लिखित गैरकानूनी कार्यहरू हुनसक्ने सम्भाव्यताको परिस्थितिहरू सिर्जना भएको हुनुपर्ने हुन्छ । अन्यथा परिकल्पनाको भरमा निषेधाज्ञाको आदेश जारी हुने अवस्था नरहने ।

अत: माथि उल्लिखित आधार र कारणहरूबाट निवेदक / पुनरावेदकको विरूद्धमा निवेदनमा उल्लिखित गैरकानूनी कार्यहरू हुनसक्ने आशङ्काको विद्यमानता नदेखिएकोले निषेधाज्ञाको आदेश जारी हुने अवस्था नरहेको हुँदा निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-०१६१, कर्तव्य ज्यान,

*वीरेन्द्र राई वि. नेपाल सरकार*

प्रतिवादी वीरेन्द्र राईलाई माथि विवेचित आधार प्रमाणबाट मृतक रत्नबहादुर राईलाई चिया फाँड्ने धारिलो सिक्कलले प्रहार गरी बायाँ खुट्टामा गहिरो चोट बनाई सोही चोटपीडाले अत्यधिक रक्तश्राव भई मृत्यु भएको तथ्य स्थापित भइरहेको देखिन्छ। सिक्कल जस्तो धारिलो हतियारले प्रहार गर्दा मान्छे मर्न सक्छ भन्ने सामान्य प्रकृतिको जानकारी प्रहारकर्तालाई थिएन होला भन्न नमिल्ने।

प्रतिवादी वीरेन्द्र राईले दाजुले कुटपिट गरी घाइते बनाएकोले बच्न सिक्कल प्रयोग गरेको हुँदा सफाइ पाउँ भन्ने जिकिरतर्फ हेर्दा मृतकलाई यी प्रतिवादीले धारिलो हतियार सिक्कल प्रहार गरी मारेको तथ्य लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट स्थापित भई रहेको देखियो । कुटपिटबाट बच्नको लागि सिक्कल प्रयोग गरेको हुँ भनी प्रतिवादीको पुनरावेदन जिकिर रहेकोमा मृतकको गरेको कुटपिटबाट जोगिन वारदातस्थलबाट भागी जाने अवसर र सम्भावना रहे पनि सो नगरी धारिलो र जोखिमी हतियार सिक्कल प्रहार गरेको कार्यलाई आत्मरक्षार्थ गरेको मान्न सकिने नदेखिने।

मिसिल संलग्न कागज प्रमाण हेर्दा मृतकको घरअगाडि यी प्रतिवादी पुगेपछि दुवैजनाबीच भनाभन गालीगलौज भएकोमा सिक्कल प्रहार गरी गहिरो चोट लागि अत्यधिक रक्तश्रावका कारण मृत्यु भएकोले प्रतिवादीको कर्तव्यबाट मृतक रत्नबहादुर राईको मृत्यु भएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको इलाम जिल्ला अदालतबाट मिति २०७०।९।१७ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, इलामबाट मिति २०७१।२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

वारदातको कारण परिस्थितिलाई मध्येनजर गर्दा प्रतिवादीले मृतकको अन्य टाउको, घाँटी छाती जस्ता संवेदनशील अङ्गमा चोट छाडेको नभई केवल बायाँ खुट्टाको पिँडुलामासम्म काटिदिएको चोटबाट हुन गएको अत्यधिक रक्तश्रावको परिणामस्वरूप मृतकको मृत्यु हुन गएको अवस्थामा यी प्रतिवादी वीरेन्द्र राईलाई उक्त कसुरको लागि सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने हुँदा कसुर मात्राअनुसार प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैदको सजाय गर्ने गरी पुनरावेदन अदालत, इलामबाट राय व्यक्त भएको देखिँदा मृतक र प्रतिवादीको बीचमा परस्पर ज्यानै लिनु पर्नेसम्मको पूर्वरिसइवी रहे भएको देखिन आएको छैन । तीनघरे हटियाबाट फर्कँदा प्रतिवादीले मादक पदार्थ सेवन गरेको अवस्थामा मृतक र प्रतिवादीबीच बादविवाद भई मृतकले पुनरावेदकलाई कुटपिट गरेको कारण यी प्रतिवादीलाई पनि घाचोट लागेको कुरा प्रतिवादी वीरेन्द्र राईको घाजाँच केश फारामबाट पुष्टि भएको पाइने।

मादक पदार्थ सेवन गरेका प्रतिवादी वीरेन्द्र राईले पनि दाजुको कुटपिटको वेदना सहन नसकी आफ्नो साथमा भएको सिक्कलद्वारा दाजुको पिडुँलामा एकमात्र चोट प्रहार गरेको अवस्था रहेको र यी प्रतिवादीले मृतकको ज्यानमार्नेपूर्व मनसाय राखेको वा सो किसिमको पूर्व तयारी वा योजना वा षडयन्त्रबाट सो कसुर वारदात गरे भएको भन्ने पनि देखिन नआएको र प्रतिवादीले मृतकको अन्य टाउको, घाँटी छाती जस्ता संवेदनशील अङ्गमा चोट छाडेको नभई केवल बायाँ खुट्टाको पिँडुलामासम्म काटिदिएको चोटबाट हुन गएको अत्यधिक रक्तश्रावको परिणामस्वरूप मृतकको मृत्यु हुन गएको देखिँदा प्रतिवादी वीरेन्द्र राईलाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को पर्नजाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोवस्तको १८८ नं. बमोजिम सजाय गर्न मनासिब हुने भनी १० (दश)

वर्षको कैद सजाय गर्ने भनी पुनरावेदन अदालत, इलामको राय मनासिब हुँदा प्रतिवादी वीरेन्द्र राईलाई १० (दश) वर्ष कैद हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असार १ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७३-RC-००१७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दलबहादुर विश्वकर्मा*

प्रतिवादीले सुतिरहेकी श्रीमतीलाई पहिला २ पटक काठको बटमले टाउकोमा प्रहार गरेकोमा श्रीमती तलाबाट उफ्रेर तलामुनी भुइँमा झरेपछि फलामको खुर्पाले घाटीमा प्रहार गरेको भन्ने देखिन्छ । यसरी काठको बटम र फलामको खुर्पासमेतले जस्तो संवेदनशील भागमा प्रतिवादीले मृतकलाई प्रहार गरेपछि पनि फलामको खुर्पाले घाटीमा प्रहार गरेको प्रतिवादी कार्यबाट मृतकलाई प्रतिवादीले मार्नुपर्नेसम्मको मनसाय थिएन भनी भन्न सकिने अवस्था रहेन । अतः बटम काठले पहिले टाउकोमा र पुनः धारिलो हतियार फलामको खुर्पाले मृतकको घाटीमा प्रहार गरी मृतकको मृत्यु भएको देखिएको प्रस्तुत वारदात ज्यानसम्बन्धीको महलको १४ नं. ले परिभाषित गरेको आवेशप्रेरित हत्या अन्तर्गत पर्ने नदेखिने ।

प्रस्तुत वारदातको प्रकृति हेर्दा यी प्रतिवादीले धारिलो हतियार फलामको खुर्पा र बटम काठसमेतले मृतकलाई प्रहार गरी निज मृतक विमलाको मृत्यु भएको देखिएको छ । मुलुकी ऐन ज्यानसम्बन्धीको १३ नं. को देहाय दफा १ मा "धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानि रोपी घोची ज्यान मारेमा जति जना भई हतियार छाडेको छ उति जना ज्यानमारा ठहर्छन् । सर्वश्वसहित जन्मकैदको सजाय गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था गरेको र यी प्रतिवादीको उल्लिखित कार्य सोही कानूनी व्यवस्थाअन्तर्गतको देखिँदा पुनरावेदन अदालत, धनकुटाको फैसला मनासिब देखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादी लोग्नेस्वास्नी नाताका व्यक्ति भएकोमा विवाद छैन । मेरी श्रीमतीले सधैँ मादक पदार्थ सेवन गरी निहुँ खोजी सधैँ झगडा गर्ने गर्थिन् । वारदात समयमा समेत निजले मसँग निहुँ खोजी म र नाबालक काखको छोरासमेतलाई मार्ने धाकधम्की दिई झगडा गरेकी हुँदा म रिसको आवेगमा आई ओछ्यान छेउमा रहेको सानो काठको बटमले श्रीमतीको टाउकोमा ३/४ पटक हिर्काएपछि श्रीमती हामफाली तलामुनि झरी भाग्न खोज्दा घरमै भएको फलामे खुर्पाले निजको घाँटीमा ३ पटक प्रहार गरेको भनी प्रतिवादीले घटना हुँदाको अवस्था परिस्थितिलाई सिलेसिलेवार रूपमा उल्लेख गरी कसुरमा साबित रही बयान गरेको देखिन्छ । यी प्रतिवादीले मृतक श्रीमतीलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवि मनसाय रहेको पनि देखिँदैन । लोग्नेस्वास्नीबीच सामान्य झगडा हुने गरेको भन्नेसम्मको अवस्थालाई ज्यान मार्ने मनसाय थियो भनी अर्थ गर्न न्यायोचित हुने देखिँदैन । प्रतिवादीले आपराधिक मनसाय राखी पूर्वतयारीका साथ योजनाबद्ध ढङ्गले वारदात घटाएको पनि देखिँदैन । आफूले गरेको अपराधमा पूर्णरूपमा साबित रही न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको तथ्य पनि प्रस्तुत मुद्दामा रहेको पाइने ।

लोग्नेस्वास्नीका बीचमा सामान्य कुरामा विवाद भई उत्पन्न परिस्थितिजन्य घटनाको परिणामस्वरूप भएको कुटपिटको कारण मृतकको मृत्यु भएको देखिन्छ । साथै प्रतिवादी आरोपित कसुरमा अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष साबित रही न्यायिक प्रकियालाई सहयोग पुऱ्याएको देखिएको प्रस्तुत मुद्दामा वारदात हुँदाको अवस्था र परिस्थितिलाई हेर्दा हदैसम्मको सजाय गर्दा चर्को पर्ने भई न्यायोचितसमेत नहुने देखिएकोले प्रहार गरेको हतियारको प्रकृतिलाई समेत विचार गर्दा प्रतिवादी

दलबहादुर वि.क.लाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कैद वर्ष १५ (पन्ध्र) हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज १४ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०७७३, निषेधाज्ञा, *लक्ष्मण सेठसमेत वि. दुलारीदेवी साह*

साबिक कि.नं. ६५६ को ०-४-१४$^{१}/_{२}$ को जग्गा निवेदिका दुलारी देवी साहको नाउँ दर्ताको जग्गा भएकोमा कुनै विवाद देखिएन। लिखित जवाफ प्रस्तुतकर्ता मदन सेठसमेतका व्यक्तिहरूले सो जग्गा निवेदिकाकै भएको तर सोमा दाबीबमोजिम आँप तथा बाँसमा रूखपात नरहेको भन्ने जिकिर लिई जग्गामा निजकै हकभोग रहेको कुरामा विमति देखाउन सकेको पाइँदैन। हाल पुनरावेदन जिकिरमा सो जग्गाको उत्तर र पूर्वमा आफ्नो पोखरी र पोखरीको डिललगायतका जग्गा रहेका र सोमा रहेका आँप तथा बाँससमेतका रूखहरू उपभोग गर्ने बद्नियतले रिट दायर भएको भन्ने जिकिर लिएको भए पनि सो जग्गा आफ्नो नाममा दर्ता रहेको प्रमाण पेस गर्नसकेको छैनन्। साथै निजहरूले सो पोखरी र पोखरीको डिल सर्वे नापीका बखत नापी हुन नसकी गाउँ ब्लकमा परेको र सार्वजनिकरूपमा उपभोग भइरहेको भन्ने कुरासमेत स्वीकार गरेको देखिन्छ। प्रस्तुत निवेदन र लिखित जवाफको उल्लिखित व्यहोराबाटै यी पक्ष विपक्षका बीच विवाद रहेको कुरा प्रमाणित हुन आउछ। यद्यपि निवेदकको जग्गामा आँप तथा बाँसका रूखपात छन् छैनन् भन्ने विषयमा विवाद रहेपनि निवेदकले आफ्नो हकभोग स्वामित्वको जग्गा एकलौटी भोगचलन गर्न पाउने अधिकार निजकै हुन्छ। र प्रस्तुत निवेदनमा पनि आफ्नै स्वामित्वको जग्गाभित्रको बोटविरूवा उपभोग गर्ने कुरामा दखल पुग्न जाने कुराको आशङ्का देखाएको र पुनरावेदन जिकिरको सार्वजनिक जग्गाको उपभोग कानूनबमोजिम हुने नै हुँदा यी निवेदकको जग्गामा रहेकोजस्तो सुकै रूखपातको उपभोगमा निजलाई आघात पुऱ्याउन नमिल्ने।

निवेदन एवम् लिखित जवाफ व्यहोराबाट यी पक्ष विपक्षीका बीच विवाद रहेको तथ्य प्रमाणित हुन आएकाले निवेदकको जग्गामा रहेको आँप तथा बाँसका रूख उपभोग गर्ने कुरामा आघात पुग्न जाने कुराको आशङ्काको स्थितिको विद्यमानता रहेकाले निजको हकभोगको कि.नं. ६५६ को जग्गामा रहेका आँप तथा बाँसका रूखपात काटने, कब्जा गर्ने, लुटपाट गर्नेलगायतका कार्य नगर्नु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७१।५।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-००९६, जबरजस्ती करणी, *युवराज भट्ट वि. नेपाल सरकार*

प्रस्तुत वारदातमा पीडितको उमेर १५ वर्ष भएकाले निजको सहमतिमै करणी भएको भएपनि जबरजस्ती करणी भएको मानी सजाय निर्धारण हुनुपर्ने भन्नेसमेत अभियोग मागदाबी रहेको पाइयो। तसर्थ पीडितको उमेर सम्बन्धमा विचार गर्दा निजले दिएको किटानी जाहेरी र अदालतसमक्ष गरेको बकपत्रमा पनि आफ्नो उमेर १५ वर्ष भनी उल्लेख गरेको पाइन्छ भने पीडित कालिमाटी "त्र" को मार्कसिटको प्रतिलिपिमा निजको जन्ममिति २०५२।११।२६ भन्ने उल्लेख भएको र शिक्षण अस्पताल महाराजगञ्जको स्वास्थ्य परीक्षण रिपोर्टमा निजको उमेर "More than १७

year" भन्ने उल्लेख भएको पाइयो । उल्लिखित प्रमाणको विश्लेषण गर्दा पीडितको S.L.C. परीक्षाको मार्कसिटको प्रतिलिपिमा उल्लिखित जन्ममिति २०५२।११।२६ बाट निज जाहेरीमा उल्लेख गरेको पछिल्लो पटकको करणीको वारदातको मिति २०६९।६।४ सम्म निजको उमेर १६ वर्ष ६ महिना ८ दिन पुगेको देखियो भने निजको स्वास्थ्य परीक्षण रिपोर्टमा पनि On dental examination, the finding Suggests that the age of examinee is more than 17 years भन्ने उल्लेख भएको पाइयो । यसप्रकार निजले आफ्नो उमेर १५ वर्ष भनेपनि सो पुष्टि हुने प्रमाण पेस हुन नसकेको र निजको स्वास्थ्य परीक्षण गरी प्राप्त भएको अस्पतालको रिपोर्ट एवम् S.L.C. मार्कसिटको प्रतिलिपिजस्ता ठोस प्रमणबाट निजको उमेर १६ वर्षभन्दा बढी नै भएको देखियो उल्लिखित लिखत एवम् शारीरिक परीक्षण प्रमाणबाट निजको उमेर १६ वर्षभन्दा माथि नै रहेको देखिँदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. ले निर्धारण गरेको १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जबरजस्ती करणी गरेको ठहर्छ भन्ने कानूनी व्यवस्थाअनुसार जबरजस्ती करणीको अपराधको उक्त परिभाषाभित्र पर्ने नदेखिने ।

यी जाहेरवाली र प्रतिवादीबीच ६ महिनादेखि पटकपटक करणी लिनुदिनु भइरहेको, करणीको क्रियाप्रति कुनै प्रकारको प्रतिकार नभएको, सँगै डेरा कोठामा बस्ने गरेको, निजहरूकै करणीबाट रहन गएको गर्भ पतनसमेत गराएकोसमेतका माथि विवेचित आधार कारणबाट निजहरूका बीचको करणी जबरजस्ती नभई स्वइच्छाको करणी देखिँदा प्रतिवादी युवराज भट्टलाई जबरजस्ती करणीको महलको ३(४) नं. अनुसार ५ वर्ष कैद र रू.५०,०००।– क्षतिपूर्ति भराउने ठहरी भएको सुरूको फैसला सदर ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।८।११ को फैसला मिलेको नदेखिँदा उल्टी भई निजले सफाइ पाउने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१७३९ कर्तव्य ज्यान, *नेपाल सरकार वि. सन्तबहादुर उपरकोटी, नेपाल सरकार वि. शंकर उपरकोटीसमेत*

घटनाका प्रत्यक्षदर्शी जाहेरवालाले नै तत्काल जाहेरी दिँदा निजको नाम समावेश गर्न नसकेको र अदालतमा बकपत्र गर्दा पनि मृतकको श्रीमतीले निजलाई देखेको भनेकाले पुनः जाहेरी दिएको भनी बकपत्र गरेका छन् भने अर्का प्रत्यक्षदर्शी सन्तोष परियारले पनि मृतकलाई खुकुरी प्रहार भएपछि मात्र निज वारदातस्थलमा आएका तर निजले हानेको देखिन भनी बकपत्र गरेको पाइन्छ । यसैगरी अदालतमा बकपत्र गर्ने अनिल परियारसमेतका व्यक्तिले पनि निजले वारदातस्थलमा के गरे देखिन भनी बकपत्र गरेको पाइन्छ । यसप्रकार अदालतमा बकपत्र गर्ने व्यक्तिहरूको भनाइ पनि एक आपसमा बाझिएको देखिँदा निज वारदातस्थलमा रहेको कुरा पुष्टि भएपनि मृतकलाई कुटपिट गरेको कुरा निर्विवादरूपमा पुष्टि हुन नआउने ।

प्रतिवादी कृष्णबहादुर उपरकोटीले मृतकलाई खुकुरी प्रहार गरेको कुरामा साबित रही बयान गरेको, घटनाका प्रत्यक्षदर्शी एवम् घाइते जाहेरवाले निजउपर किटानी जाहेरी दिएको, घटना विवरण एवम् वस्तुस्थिति मुचुल्काका मानिसहरूले निजले खुकुरी प्रहार गरेको देखेको भनी बकपत्रसमेत गरी दिएको, सहअभियुक्तहरूले पनि निजले खुकुरी प्रहार गरेको भनी बयान गरेको, लास पोस्टमार्टम रिपोर्टमा पनि मुटुसम्म पुग्ने गरी धारिलो हतियार प्रहार भएको भन्ने रिपोर्ट दिइएको एवम् निजले प्रहार

गरेको भनेको 37.5 cm लम्बाईको खुकुरीसमेत बरामद भई आएको समेतका सबुद प्रमाणबाट यी प्रतिवादीको खुकुरी प्रहारका कारण नै मृतकको मृत्यु भएको हुँदा यसप्रकारको कसुरलाई कानूनतः के कस्तो सजायको व्यवस्था छ भन्ने सम्बन्धमा हेर्नुपर्ने हुन आयो । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) को व्यवस्था हेर्दा "धार भएको वा नभएको जोखमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उती जना ज्यानमारा ठहर्छन। सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ।" भन्ने व्यवस्था गरेको पाइन्छ। तसर्थ निजको कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अन्तर्गतको कसुर देखिन आएकाले सोही महलको १३(१) नं. बमोजिम निजलाई सर्वस्वसहित जन्मकैद हुने।

प्रतिवादीहरू सीताराम उपरकोटी र शंकर उपरकोटी वारदातस्थलमा उपस्थित भई मृतकलाई हातमुक्काले कुटपिट गरेको कुरामा साबित रही अनुसन्धान अधिकारीसमक्ष बयान गरेको, निजहरूउपर किटानी जाहेरी परेको र एवम् घटनामा घाइते भएका जाहेरवालाले आफूसमेतलाई र मृतकलाई निजले कुटपिट गरेको र मृतकलाई समाति प्रतिवादी कृष्णबहादुरलाई खुकुरी प्रहार गर्न सघाएको भन्ने व्यहोरा उल्लेख गरेको एवम् माथि विवेचना गरिएअनुसार निजहरूले मृतकलाई मार्नमा संयोग पारेको देखिन्छ। यस्तो अवस्थामा निजलाई के कस्तो सजाय गर्ने भन्ने सम्बन्धमा कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) नं. मा "जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नामा बचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नालाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको देखिन्छ । तसर्थ प्रतिवादी सीताराम उपरकोटी र शंकर उपरकोटीलाई ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुर अपराधमा सोहीबमोजिम जन्मकैदको सजाय हुने।

प्रतिवादी ध्वाँसे भन्ने सन्तबहादुर उपरकोटीको हकमा विचार गर्दा सुरू जाहेरीमा निजको नाम समावेश नभएको, निज सुरूदेखि नै कसुरमा इन्कार रही बयान गरेको, निजले मृतकलाई कुटपिट गरेको देख्ने प्रत्यक्षदर्शी जाहेरवाला एवम् अर्का प्रत्यक्षदर्शी सन्तोष परियारले समेत निजले कुटपिट गरेको भन्ने कुरा एकिन खुलाउन नसकेको अवस्थामा सहअभियुक्त कृष्णबहादुर उपरकोटीसमेतले यी प्रतिवादीले पनि मृतकलाई कुटपिट गरेको भन्ने पोल गरेकै आधारमा निजको वारदातस्थलको उपस्थितकै भरमा निजलाई पनि अन्य प्रतिवादीसरहको कसुरदार कायम गर्ने, ठोस एवम् भरपर्दो प्रमाणको अभाव रहेको देखिन्छ । यस्तो अवस्थामा निजको वारदातस्थलको उपस्थिति र भूमिकाका सन्दर्भमा रहेको कानूनी व्यवस्था हेर्दा ज्यानसम्बन्धी महलको १७(३) नं. मा निम्न व्यवस्था रहेको देखिन्छ । "अरू किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ। यसप्रकार मृतकलाई मार्ने कार्यमा निजको प्रत्यक्ष संलग्नता रहेको र भाइहरूले झगडा गरेका कारण वारदातस्थलमा उपस्थित भई झगडा छुट्याउने लगायतका कार्य नगरी हेरी रहनेसमेतको कार्य गरेकाले निजको सो कार्य कानूनको उपर्युक्त व्यवस्थाअनुरूपको कसुर देखिँदा निजलाई सोही महलको १७(३) नं. को कसुरमा ३ वर्ष कैद हुने ठहर्छ। निजलाई पनि अन्य प्रतिवादीसरह ज्यानसम्बन्धी महलको १३(४) अनुसार जन्मकैद सजाय गर्नुपर्छ भन्ने वादी नेपाल सरको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रस्तुत मुद्दाको तथ्यगत अवस्था र कानूनी व्यवस्थाको विश्लेषणसमेतको माथि विवेचित आधार

कारणबाट प्रतिवादी कृष्णबहादुर उपरकोटीले खुकुरी प्रहार गरेको कारण मृतकको मृत्यु भएकाले निजलाई ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुर अपराधमा सर्वस्वसहित जन्मकैद र प्रतिवादीद्वय सीताराम उपरकोटी र शंकर उपरकोटीलाई सोही महलको १३(४) नं. को कसुर अपराधमा जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको फैसला साधकको रोहमा जाँच गर्दा मनासिब देखिएकाले सदर हुने ठहर्छ। अर्का प्रतिवादी ध्वाँसे भन्ने सन्तबहादुर बुढाथोकीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. को कसुर अपराधमा ३ वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको फैसलाको हकमा पुनरावेदनको रोहमा विचार गर्दा मनासिब देखिएकाले सदर हुने ठहर्छ । निजलाई पनि अन्य प्रतिवादीसरह जन्मकैदको सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०१२७, कर्तव्य ज्यान, *रामी लुहार वि. नेपाल सरकार*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) र १४ नं. को कानूनी व्यवस्था हेर्दा प्रतिवादीले मृतकलाई तत्काल मार्नुपर्ने मृतकको कुनै कार्यको परिणामस्वरूप रिस उठी ज्यानसम्बन्धी महलको १४ नं. मा व्यवस्था भएअनुसारको सामान्य लाठा ढुङ्गा प्रहार गरेको नभई सधैँ झगडा भइरहने गरेको कारण वारदातको राति सुतिरहेकी मृतक श्रीमतीलाई हसियाजस्तो धारिलो र जोखिमी हतियारले तीनपटक टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गरेपश्चात् चुन्नीले मुख थुनी घाँटी कसी छटपटाई रहेकै अवस्थामा शरीरको कम्मर एवम् हातको भागमा पुन: तिनपटक हँसिया प्रहार गरेको एवम् छोरा छोरीले आमालाई नमार्नु भनी हारगुहार गर्दा उल्टै मार्ने धम्की दिएको देखियो । यसप्रकार मार्ने पूर्वयोजनासहित सुतिरहेको श्रीमतीलाई हँसियाजस्तो जोखिमी हतियारले शरीरका विभिन्न भागमा प्रहार गरी छोरा छोरीको विलौनासमेत नसुनी निर्मम र पाशविक तरिकाले मृतकलाई मारेको उल्लिखित कसुर अपराध ज्यानसम्बन्धी महलको १४ नं. को उपर्युक्त कानूनी व्यवस्थाको परिभाषाभित्र पर्ने नदेखिई ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुर अपराधअन्तर्गत नै पर्ने देखिँदा सोही व्यवस्थाअनुसार सर्वस्वसहित जन्मकैदको सजाय ठहर भएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मनासिब देखिने।

सुरूको फैसला सदर ठहऱ्याएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मनासिब नै देखिए तापनि वारदातको समग्र परिस्थिति विश्लेषण गरी हेर्दा प्रतिवादी विपन्न र दलित वर्गको व्यक्ति भएको, निजको आर्थिक विपन्नताकै कारण ससुरालीको जमिनमा छाप्रो बनाई बसेको, आमाको मृत्यु र बुबाको जेल जीवनपश्चात् निज प्रति आश्रित ससाना छोरा छोरीको बिचल्ली हुन जाने एवम् वारदातपश्चात् निज कसुरमा साबित रही भागी उम्की जाने प्रयास नगरी न्याय प्रक्रियामा सहयोग पुऱ्याएको समेतका समग्र परिस्थिति विचार गर्दा निजलाई कम सजाय गर्दा पनि कानूनको मकसद पूरा हुने नै देखिँदा अ.बं. १८८ नं. बमोजिम निजलाई १२ वर्ष मात्र कैद सजाय हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१२८१, जबरजस्ती करणी, *पर्शुराम राई वि. नेपाल सरकार*

पीडितले गरेको अनुसन्धान अधिकारी समक्षको कागजमा प्रतिवादीहरूले वारदातको राति आफूलाई गोठबाट उठाई जंगलमा लगी पालैपालो जबरजस्ती करणी गरेका हुन् भन्ने व्यहोरा उल्लेख गरेको देखियो। यसप्रकार घरबाट टाढा रहेको गोठमा बहिनीसँग रहेकी यी नाबालिकाले आफूलाई करणी गरेको कुरा तत्काल आमालाई व्यक्त गरी आमाले जाहेरी दिएको र अनुसन्धान अधिकारीसमक्ष समेत आफूलाई करणी गरेको कुरा सविस्तार वर्णन गरी बयान दिएको एवम् निजको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पनि निजको शरीरको विभिन्न स्थानमा घाउचोट देखिनुका साथै कन्याजाली च्यातिएको एवम् Suggestive of Rape भन्ने व्यहोराको प्रतिवेदन पेस हुन आएको समेतका तथ्यबाट एउटा अबोध उमेरकी नाबालिकाको आफूमाथि यसप्रकारको जघन्य अपराध भएको कुरा निराधाररूपमा व्यक्त गरेको होलान् भन्नेसमेत अवस्था नरहने।

वारदातको क्रममा जाहेरी दिने, घटनाका पीडितलगायतले अनुसन्धानको क्रममा व्यक्त गरेको कुराहरूका विपरीत अदालतमा गरेको बकपत्रलाई वारदात नै घटित नभएको र सम्बन्धित प्रतिवादीले कसुर नै नगरेको भन्ने अर्थमा निरपेक्षरूपमा लिने हो भने न्यायको आत्मा मर्न जान्छ। पीडितको वैज्ञानिक परीक्षणलगायतका तथ्यबाट पीडितको अनुसन्धानको क्रममा व्यक्त भएको व्यहोरा समर्थन हुन जान्छ भने सामाजिक दबाब र प्रभावको व्यक्तिगत प्रलोभन आदिको कारण अदालतमा झुट्ठा व्यहोराबाट भएको बकपत्रलाई कसुरदारको उन्मुक्तिको साधनको रूपमा प्रमाणिक मान्यता दिन नमिल्ने।

अदालतसमक्ष बयान गर्दा यी प्रतिवादी कसुरमा इन्कार रहेका छन् भने पीडित र जाहेरवालीले समेत आफूसँग यी प्रतिवादीले जबरजस्ती करणी नगरेको भनी बकपत्र गरेको देखियो । यसरी अदालतसमक्ष पीडित जाहेरवालीले घटना घटेको होइन भनी बकपत्र गरेको र तत्काल मौकामा दिएको जाहेरी र घटना विवरणमा घटनाका सम्बन्धमा सविस्तार वर्णन गरेको तथ्यकाबीच विरोधाभास रहेको परिवेशलाई विश्लेषण गर्नुपर्ने हुनआयो। ग्रामीण परिवेशमा चरम गरिबीका बीच जीवनयापन गरिरहेका अभिभावकहरूका अबोध बालिकाहरू जंगलमा रहेको गोठमा एक्लै सुत्नु पर्ने बाध्यताको मौका पारी निजमाथि घटित भएको यसप्रकारको जघन्य अपराधबाट पीडित भएको तथ्य उजागर गरी न्यायको याचना गरेकोमा नाबालकको भविष्यको चिन्ता, सामाजिक लोकलज्जा, आर्थिक प्रलोभन र कसुरदारबाट भविष्यमा पुग्न जाने खतरासमेतका कारण पीडित र जाहेरवालीले अदालतमा दिएको अभिव्यक्ति अर्थात Hostile पूर्ण बकपत्रलाई विश्वासप्रद मान्नसक्ने अवस्था रहेन । पीडितको तत्काल गरिएको स्वास्थ्य परीक्षणसमेतका प्रमाणको विश्लेषण गरी माथि गरिएको विवेचनाबाट नै पीडितउपर जबरजस्ती करणीको वारदात घटित भएको तथ्य प्रमाणित भएको अवस्थामा यी प्रतिवादीको संलग्नताको विषयमा अन्यथा भन्न मिल्ने अवस्था नरहने।

यसप्रकार तत्काल घटनाको सविस्तार वर्णन गरी पीडितले गरेको मौकाको कागज, प्रतिवादीउपर परेको किटानी जाहेरी, प्रतिवादीको बयान, जाहेरवालीको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न कागजबाट यी प्रतिवादी पर्शुराम राईको वारदातमा संलग्नता रहेको तथ्य प्रमाणित भई आएको देखिन्छ। तसर्थ पीडित र जाहेरीवालीले अदालतसमक्ष गरेको बकपत्रकै आधारमा प्रतिवादीको निर्दोषिता पुष्टि हुनसक्ने नदेखिने।

पीडितकी आमाले दायर गरेको जाहेरी

दरखास्तमा निजको उमेर १२ वर्ष भन्ने उल्लेख भएको देखिन्छ भने अनुसन्धान अधिकारीसमक्षको पीडितको घटना विवरण कागजमा निजको उमेर १४ वर्ष उल्लेख भएको पाइयो । खाँदबारी अस्पतालको च.नं.१४ मिति २०६८।४।३२ को पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा पीडितको उमेर १४ देखि १६ वर्ष भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ। अदालतसमक्ष पीडितले गरेको बकपत्रमा निजले आफ्नो उमेर १३ वर्ष भनी लेखाई दिएको पाइयो। उल्लिखित कागज प्रमाणबाट निजको उमेरका सम्बन्धमा एकरूपता नभएको र निजको उमेर खुल्ने आधिकारिक कागज प्रमाणको अभाव रहेको अवस्थामा विशेषज्ञको रायले प्रमाणित महत्त्व राख्ने हुन्छ। तसर्थ निजको स्वास्थ्य परीक्षण गरी विशेषज्ञबाट उल्लेख भई आएको १४-१६ वर्षको उमेरलाई नै आधार प्रमाणमा लिई निज १४-१६ वर्षभित्रको नाबालिक रहेको मान्नुपर्ने।

सजाय निर्धारणका सम्बन्धमा विचार गर्दा प्रस्तुत वारदातमा पीडितको उमेर र सामूहिक बलात्कार आदि तत्त्वले कैद निर्धारणमा महत्त्व राख्ने र सोअनुसार कैद र क्षतिपूर्ति भराउने विषयसमेतको अभियोग माग दाबी रहेको समेतका विषयलाई तत्सम्बन्धी कानूनी व्यवस्थासँग तादाम्यता गरी सजाय निर्धारण गर्नुपर्ने हुन आयो । माथि विवेचना गरिएबमोजिम पीडितको उमेर १४ देखि १६ वर्षको उमेर समूहभित्र रहेको तथ्य स्थापित भइसकेकाले सो उमेर समूहका व्यक्तिलाई जबरजस्ती करणी गरेमा मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(३) नं. मा "चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म" कैद सजाय गर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । पीडित बालिकाको उमेर १४ देखि १६ वर्ष बीचको रहेको परिप्रेक्ष्यमा पीडितको उमेर र सजायको मात्राबीच तादाम्यता गर्न कानूनले तजबिजी अधिकार दिएको अवस्थालाई मध्येनजर गर्दा प्रतिवादीलाई ६ वर्ष कैद तोक्नु मनासिब देखिन्छ। यसैगरी किटानी जाहेरी, पीडितको मौकाको कागज एवम् प्रतिवादीको मौकाको बयानसमेतका कागजातबाट पीडितलाई यी प्रतिवादीसमेतका दुईजनाले जबरजस्ती करणी गरेको कुरा प्रमाणित हुन आएको र यस्तो अवस्थामा जबरजस्ती करणीको ३'क' नं. अनुसार थप ५ वर्ष कैदसमेत हुने देखियो । क्षतिपूर्तिको माग दाबीका सम्बन्धमा जबरजस्ती करणीको १० नं. मा जबरजस्ती करणीको वारदातका पीडितले क्षतिपूर्ति भराई पाउने कानूनी व्यवस्था रहेको सन्दर्भमा कसुरको गाम्भीर्यता र पीडितलाई पर्न गएको मानसिक एवम् शारीरिक पीडा र क्षतिलाई मध्यनगर गर्दा पीडितलाई क्षतिपूर्तिसमेत भराइदिने गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा भएको नदेखिने।

माथि विवेचित समग्र परिस्थितिको मूल्याङ्कन गरी यी प्रतिवादी पर्शुराम राईलाई जबरजस्ती करणीको ३ नं. को देहाय ३ बमोजिम ६ वर्ष कैद गरी सामूहिक जबरजस्ती करणी गरेतर्फ सोही महलको ३ 'क' नं. बमोजिम थप ५ वर्षसमेत गरी ११ वर्ष कैद सजाय र निजबाट पीडितलाई रू. ५०,०००।– क्षतिपूर्ति भराउने ठहरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०।५।३१ को फैसला कानून र न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ। सुरू र पुनरावेदनको फैसला उल्टी गरी कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री केदारप्रसाद चालिसे,** ०७१-CR-१२२२,

वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. नवराज सिलवालसमेत*

मिति २०६८।५।१८ गतेको प्रतिवादीहरूले गरिदिएको भनिएको सो लिखत हुँदाका मितिसम्ममा प्रतिवादी र जाहेरवालाका बीचमा पारिवारिकरूपमा रहेको लेनदेनको कारोबारसम्म रहेको हो, वैदेशिक रोजगारको लागि रकम लेनदेन भएको होइन भनी प्रतिवादीहरूले गरेको इन्कारी बयान तथा उक्त बयान व्यहोरालाई समर्थन हुने गरी निज प्रतिवादीहरूका साक्षीहरूले गरिदिएको बकपत्र एवम् जाहेरवाला स्वयम्ले गरेको सो बकपत्रको व्यहोरासमेतबाट निज जाहेरवालालाई प्रतिवादीहरूले उक्त वैदेशिक रोजगारमा पठाइदिनको लागि नै उक्त लिखत गरिदिएको भनी स्वाभाविक मान्न मिल्ने नदेखिने।

वैदेशिक रोजगारको लागि इजरायल पठाउनको निमित्त उक्त लिखतमा उल्लेख गरिएबमोजिमको रकम प्रतिवादीहरूलाई दिएको हो भनी जाहेरीमा किटानी रूपमा उल्लेख गराउने निज जाहेरवालाले प्रतिवादीहरूबाट आफ्नो घरायसी लेनदेनको कारोबारको रूपमा रहेको रूपैयाँ असुल गराउनको निमित्त प्रतिवादीहरूबाट उक्त लिखत गराई लिएको देखिए तापनि वैदेशिक रोजगारको निमित्त इजरायल लैजाने प्रयोजनका रूपमा सो लिखत लेखाएको नदेखिएको अवस्थामा निज प्रतिवादीहरू नवराज सिलवाल र सजना पन्त सिलवालउपर लगाइएको उक्त अभियोग दाबीअनुसार निजहरूले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको समेत नदेखिएको र जाहेरवालालाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले रकम लिएको भन्नेसमेत पुष्टि हुन नसकेको हुँदा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७०।३।३० को फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार र कारणबाट प्रतिवादीहरूउपरको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७०।३।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CR-१३८६, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. नीलीमा महर्जन*

लिखत हुँदाका मितिसम्ममा वैदेशिक रोजगार वा अन्य प्रयोजनसमेतका लागि आफू अमेरिका जान तत्पर भई रकम तथा सुनसमेत दिने जाहेरवालीले उक्त लिखत मितिसम्ममा आफ्नो राहदानी बनाएको समेत देखिएको छैन। आफ्नो राहदानी बनाउने जिम्मा समेत प्रतिवादीले नै लिएकी थिइन् भनी जाहेरवालीले न्यायाधिकरणसमक्ष गरेको उक्त बकपत्रमा लेखाएको देखिए तापनि आफूलाई प्रतिवादीले विदेश अमेरिकामा लगिदिनको लागि जाहेरवालीले सो राहदानी बनाउनेसमेतका सर्त रहेको भनी उक्त लिखतमा समेत उल्लेख नगरिएको र मिति २०७०।१।३ मा दिएको जाहेरी व्यहोरामा समेत निज प्रतिवादीलाई रकम तथा सुन दिँदाका अवस्थासम्ममा आफूसँग राहदानी नरहेको एवम् उक्त राहदानी बनाउनेसमेतको जिम्मा प्रतिवादीको रहेको थियो भन्नेसमेतका तथ्यका बारेमा उल्लेख गराउनसमेत नसक्नुका साथै नेपालबाहिर तेस्रो मुलुक जानको लागि तयार वा राजी हुने व्यक्तिको साथमा राहदानीजस्तो आधारभूत स्रोत नै नरहेको र सो राहदानी बनाउन आफूबाहेक अरू व्यक्तिले जिम्मा लिने कुरासमेत स्वाभाविक मान्न मिल्ने नदेखिने।

वैदेशिक रोजगारको लागि अमेरिका जानको निमित्त उक्त लिखतमा उल्लेख गरिएबमोजिमको रकम

प्रतिवादीलाई दिएको हो भनी जाहेरीमा किटानी रूपमा उल्लेख गराउने निज जाहेरवालाले प्रतिवादीबाट गराई लिएको सो लिखतमा निज अन्जना डंगोललाई तेस्रो मुलुक अमेरिका लैजान्छु भनी एक महिनाको भाखा राखि उक्त रकम र सुन एड्भान्सस्वरूप लिएको तथा एक महिनाभित्र तेस्रो मुलुक लैजान नसकेको खण्डमा सो रकम एकमुष्ट फिर्ता गर्ने भन्नेसम्मका सर्तहरू लेखाएको देखिए तापनि अमेरिका लैजाने प्रयोजनका रूपमा वैदेशिक रोजगारीका लागि हो भनी सो लिखतमा लेखाएको नदेखिएको अवस्थामा निज प्रतिवादी निलीमा महर्जनउपर लगाइएको उक्त अभियोग दाबीअनुसार निजले इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको समेत नदेखिएको र जाहेरवालालाई वैदेशिक रोजगारीमा लगाइदिने उद्वेश्यले रकम लिएको भन्नेसमेत पुष्टि हुन नसकेको हुँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७१।१२।१ को फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट प्रतिवादीउपरको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०७१।१२।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-००७०, उत्प्रेषण, *रामराज कुङ्कवर वि. नेपाली सेना सैनिक मुख्यालय, भद्रकालीसमेत*

प्रस्तुत निवेदनमा उठाइएको प्रश्नबाट निरूपण गरिनुपर्ने विषय र उक्त रिट निवेदक भिमसिंह धामीले दिएको सो रिट नं. ०६८-WO-०१९८ को उत्प्रेषण परमादेश मुद्दामा निरूपण गरिएको विषय र सन्दर्भसमेत एउटै रहेको देखिएकोले सोही रिट नं. ०६८-WO-०१९८ को उत्प्रेषण परमादेश मुद्दामा यस अदालतबाट मिति २०७१।१२।३० मा भएको फैसलामा प्रस्तुत गरिएका विवेचना र कारणहरूसमेतका आधारबाट प्रस्तुत रिट निवेदन मागदाबीबमोजिम सुरू समरी जनरल सैनिक अदालतको फैसला सदर हुने ठहऱ्याई मिति २०६७।११।१ मा भएको सैनिक विशेष अदालतको फैसला बदर गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६६-RC-०२२७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मिलन थापा मगरसमेत*

जाहेरी दरखास्तमा प्रतिवादीहरूको नाम उल्लेख भए पनि सो जाहेरीलाई पुष्टि हुने गरी जाहेरवालाले बकपत्र नगरी जाहेरीलाई नै खण्डित हुने गरी बकपत्र गरेको, बरामद भएको भनिएको क्रिकेट ब्याट वारदातस्थलबाट बरामद नभई प्रतिवादीको कोठाबाट बरामद भएको, घटनाको प्रत्यक्षदर्शी भनिएकी मृतककी श्रीमतीले अदालतमा आई बकपत्र गरी अभियोगलाई पुष्टि गर्न नसकेको, मौकामा कागज गर्ने मानिसहरू अदालतमा उपस्थित भई बकपत्र नगरेको समेतबाट प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान अनुसन्धानको सिलसिलामा तयार

भएका लिखत प्रमाणहरूबाट समर्थित नभई शङ्काजनक रहेबाट शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतको परिप्रेक्ष्यबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, उल्लिखित तथ्य कानून र विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादीहरू अर्जुन बराललाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादीहरू देवेन्द्र रैदास र मिलन थापा मगरलाई जन्मकैदको सजाय हुने ठहर गरेको सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी हुने ठहर्‍याई प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल वैशाख २७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०३७५, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. मनोज पुन*

कुनै बिगो तिर्न बुझाउन बाँकी नरहे नभएको अवस्थामा प्रतिवादीले वैदेशिक रोजगारको कसुर गरेको भनी सजाय गरी पाउन र हर्जाना दिलाई पाउन माग गरी पेस भएको अभियोग दाबीको आधारमा प्रतिवादीलाई सजाय गर्न र जाहेरवालालाई हर्जाना भराउन मिल्ने देखिँदैन। अर्कोतर्फ स्वयम् जाहेरवाला अदालतमा उपस्थित भई बकपत्र गर्नसकेको अवस्था छैन । स्वयम् प्रतिवादीको नाउँको समाह्वान म्याद बेपत्ते तामेली भएको र वादी पक्षले निजको अर्को वतन खुलाउनसमेत नसकेको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी मनोज पुनले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन ८ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१०७८, वैदेशिक रोजगार, *नेपाल सरकार वि. उपेन्द्रविक्रम हमाल*

जाहेरवाला ज्ञानु राईले प्रतिवादीले मलाई नेपालबाट दुबई र दुबईबाट कतार प्लेन जान्छ भनी पठाएकोमा दुवईबाट कतार नलगी अलपत्र पारेको भनी बकपत्रसम्म गरेको देखिए तापनि तत्सम्बन्धी हुनै लिखत प्रमाण पेस गरेको देखिएन । त्यसैगरी जाहेरवालाहरू इन्द्र के सुवाल र रामहरी भुजेलले गरेको बकपत्र हेर्दा पनि विदेश नपठाएकोले ठगिन पुगेको हो भन्नेसम्मको व्यहोरा उल्लेख गरेको देखिन्छ । यसप्रकार प्रतिवादीले जाहेरवालाहरूलाई तोकिएको देशमा नपठाई फर्किएको भन्ने स्पष्ट दाबी नदेखिएको र निज जाहेरवालाको बकपत्रबाट पनि सो कुरा प्रमाणित नभएकोले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम प्रतिवादीलाई १ वर्ष ८ महिना कैद र रू.१,६०,०००।– जरिवाना गर्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै देखिने।

जाहेरवाला ज्ञानु राईबाट रू.९०,०००।– इन्द्र के सुवालबाट रू.३,५०,०००।– रामहरी भुजेलबाट रू.३,१३,०००।– गणेशबहादुर तामाङबाट रू.८५,०००।– डिल्लीबहादुर खत्रीबाट रू.३,६०,०००।– प्रतिवादीले लिएको अभियोग दाबी भए तापनि ज्ञानु राईको रू.६९,०००।– इन्द्र के सुबालको रू.१,३०,०००।– रामहरी भुजेलको रू.७०,०००।– र डिल्लीबहादुर खत्रीको रू.१,५५,०००।– फिर्ता पाइसकेको भनी निज जाहेरवालाले बकपत्र गरेको देखिन्छ । यसरी

प्रतिवादीबाट जाहेरवालाहरूले फिर्ता पाइसकेको रकमलाई समेत बिगो कायम गरी प्रतिवादी सोको हर्जानासमेत दिलाउन कानून र न्यायसम्मत हुने देखिँदैन । त्यसकारण प्रतिवादीबाट जाहेरवालाहरूले फिर्ता पाइसकेको रकमलाई अलग गरी बाँकी रहेको बिगो र सोको हर्जाना जाहेरवालाहरूले भरी पाउने ठहऱ्याएको न्यायाधिकरणको फैसला मनासिब देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ प्रतिवादीले वैदेशिक रोजगार सञ्चालन गर्ने इजाजतपत्र नलिई जाहेरवालाहरू ज्ञानुराई, इन्द्र के सुवाल, रामहरी भुजेल र डिल्लीबहादुर खत्रीलाई वैदेशिक रोजगारको लागि विदेश पठाउनु भनी रकम लिई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिमको कसुर गरेको देखिँदा निजलाई सोही दफाबमोजिम १ वर्ष ८ महिना कैद र रू.१,६०,०००।– जरिवाना हुने, जाहेरवाला गणेशबहादुर तामाङको मागदाबी प्रमाणित हुन नसकेकोले निजको दाबी रकम भराइदिन नपर्ने, सोबाहेकका जाहेरवालाको लिन बाँकी भनिएको निजहरूको बकपत्रमा उल्लिखित रकम र सोको ५०% ले हुने हर्जाना निजहरूले प्रतिवादीबाट भराई पाउने र जाहेरवालामध्ये ज्ञानु राई, इन्द्र के सुवाल र रामहरी भुजेल विदेश पुगी फर्केको भन्ने अभियोगपत्रमा दाबी लिइएको नदेखिँदा त्यसतर्फ केही रहन नपर्ने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।३।४ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

इति संवत् २०७३ साल फागुन ८ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-१६३१, भ्रष्टाचार, *कृष्णबहादुर सापकोटा वि. नेपाल सरकार*

आयोगकै पूर्व पत्रानुसार प्रतिवादी कृष्णबहादुर सापकोटालाई आफ्नो आचरण सुधार गर्न स्पष्टीकरणसमेत सोधिएको थियो । यसो हुँदाहुँदै पनि अख्तियारको टोलीद्वारा रंगेहात पक्राउ परेको थाहा भयो । निजलाई कानूनबमोजिम कारबाही गरियोस् भनी नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रका प्रबन्धक अनिरूद्रप्रसाद यादवसमेतले लेखाइदिएको मिसिल संलग्न निजको बयान कागजबाट देखिन आयो । यसैगरी बरामदी मुचुल्कामा बसेका अनिता सुवेदीसमेतका व्यक्तिहरूले यी प्रतिवादी कृष्णबहादुर सापकोटाको साथबाट उक्त रकम बरामद भएको हो भनी अदालतमा आई बकपत्रसमेत गरेको देखिन्छ। उजुरकर्ता सुब्बासिंह सिंजालीको यी प्रतिवादी कृष्णबहादुर सापकोटालाई प्रस्तुत मुद्दामा फसाउन पर्नेसम्मको कुनै रिसइवी रहेको भन्नेसमेत मिसिलबाट देखिँदैन । बरामदी मुचुल्कामा भएको सहिछापलाई आफ्नो भनी स्वीकार गरेको देखिएको र आफू निर्दोष रहेको भनी पुष्टि हुने कुनै प्रमाणसमेत पेस गर्नसकेको नदेखिएको अवस्थामा अभियोग मागदाबीबमोजिम सजाय गर्ने गरी विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने ।

तसर्थ उल्लिखित आधार कारणबाट प्रतिवादी कृष्णबहादुर सापकोटालाई अभियोग दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(ग) बमोजिम ४ महिना कैद र रू.६५,०००/- जरिवाना हुने ठहरी भएको विशेष अदालत काठमाडौंको मिति २०७२।९।२३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: कृतबहादुर बोहरा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-०९९३, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. सफल यादवसमेत*

विद्यालयका नाममा निकासा भएको रकम रू.१०,८१,१७८।२० मध्ये रू.३१,१७८।२० बैंकमा रहेको विद्यालयको खातामा मौज्दात देखिएको र रू.१०,५०,०००।- जिल्ला शिक्षा कार्यालय, सिरहाको खाना नं.०-१-१-००१ राजस्व शिर्षक नं. १५११२ मा विद्यालयले मिति २०७१।३।२० मा दाखिला गरेको भन्ने भौचरको प्रतिलिपि तथा जिल्ला शिक्षा कार्यालय, सिरहाको च.नं. २८५२ मिति २०७१।१२।१५ को पत्रसमेतबाट देखिएको अवस्था हुँदा यी प्रतिवादीहरूलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर्‍याई विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ उल्लिखित आधार कारणबाट यी प्रतिवादीहरू राजेन्द्रप्रसाद ठाकुर, गुदर महतो, रामविनय यादव, सफल यादव, राजेन्द्रप्रसाद यादव रकुमारी अम्बिका साहलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर्‍याई भएको विशेष अदालत काठमाडौंको मिति २०७२।२।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कृतबहादुर बोहरा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

**३**

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०९७१, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *विश्वनाथप्रसाद तेली वि. नेपाल सरकार*

प्रतिवादी विश्वनाथप्रसाद तेलीले पेस गरेको प्रमाणपत्र नक्कली देखिएको र सोही आधारमा प्रा.स. पदमा नियुक्त भई कार्यरतसमेत रहेको देखिएको हुँदा निजउपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दाबी लिई अभियोग दायर भएको अवस्थासमेत हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय गर्ने गरी विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ उल्लिखित आधार कारणसमेतबाट प्रतिवादी विश्वनाथप्रसाद तेलीको प्रमाणपत्र नक्कली देखिएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम ६ महिना कैद र रू.१०,०००।- जरिवाना हुने ठहरी विशेष अदालत काठमाडौंबाट भएको मिति २०६९।८।२४ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कृतबहादुर बोहरा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६८-CI-०४५५, परमादेश, *वीरेन्द्रप्रसाद कुशवाहा वि. जिल्ला प्रशासन कार्यालय, रौतहटसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ८

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०३७२, उत्प्रेषण, *औमकृष्ण चौधरीसमेत वि. चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जसमेत*

निवेदकहरू मिति २०७०।२।९ मा उक्त कलेजमा भर्ना भई सबै विवरण भरी शैक्षिक प्रणालीमा सामेल भई नियमित अध्ययन गरिरहेका र त्रि.वि.वि. अध्ययन संस्थानले मिति २०७०।१।१६ मा विशेष ब्याचको रूपमा परीक्षामा सामेल गर्ने भनी निर्णय गरेको देखिन्छ। साथै मिति २०७०।४।३० मा एकपटकलाई

नियमितसरह परीक्षामा सामेल गराउने निर्णयसमेत भएको देखिन्छ । सो निर्णयले निवेदकहरूलाई नियमित विद्यार्थीसरह अध्ययन गर्ने अवसरबाट वञ्चित गरेको नदेखिने ।

रिट निवेदनमा यस अदालतबाट जारी भएको अन्तरिम आदेशबाट निवेदकहरू परीक्षामा सामेल भइसकेका र निवेदकहरूमध्ये केहीले लब्धाङ्क पत्रसमेत प्राप्त गरिसकेको अवस्था देखिन्छ भने केही निवेदकहरूको लब्धाङ्कपत्र पेस नभएको देखिँदा अध्ययनरत नै रहे भएको र अध्ययन समाप्त हुने क्रममा रहेको हुनाले निजहरूलाई साबिकबमोजिम अध्ययन गर्न दिई परीक्षा लिने कार्य हुने नै हुँदा र अध्ययन अवधि बाँकी भए अध्ययन गरी अन्तिम परीक्षामा समावेश हुन पाउने नै देखिन्छ । तसर्थ उल्लिखित तथ्य एवम् कारणहरूबाट निवेदकहरूको रिट निवेदनको जिकिरबमोजिम आजको अवस्थामा रिट जारी गर्नुको प्रयोजन र औचित्य नदेखिएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७१-WO-०२९७, उत्प्रेषण, *समिक्षा घिमिरेसमेत वि. त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्जसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-WO-०६९६, उत्प्रेषण, *अशोककुमार चौधरी वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

प्रत्यर्थी अर्जुन राई शिक्षा सेवा आयोगबाट भएको मिति २०६९।१०।२१ को परिपत्रमा उल्लिखित स्थायी शिक्षकको परीक्षामा सामेल हुन विज्ञापन हुनुभन्दा १ वर्ष अघि नै शिक्षक भई कार्य गरिसकेको व्यक्तिले उक्त परीक्षामा सामेल हुन पाउने भनी उल्लेख गरेको सो परिपत्रमा उल्लिखित योग्यता अवधि पूरा भएको प्रमाणित भई परीक्षामा सामेल भई प्रत्यर्थी अर्जुन राई सफल भएको देखिँदा र निवेदकले उल्लेख गरे जस्तो कार्य भएको भन्ने मिसिलबाट नदेखिँदा निवेदकको हक अधिकारमा आघात पुग्न गएको भन्न मिलेन । तसर्थ, प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-१०२१ र ०७०-CI-१०२२, अंश, *मेजरीमाया श्रेष्ठसमेत वि. दिल कृष्ण (श्रेष्ठ) कोजुसमेत र रामकृष्ण श्रेष्ठ वि. अच्युतम (श्रेष्ठ) कोजुसमेत*

मुलुकी ऐन अंश बन्डाको १८ नं. मा "मानो नछुट्टिई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारले सगोलको सम्पत्तिबाट वा सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको महलको ८ नम्बरबमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ । सोबाहेक कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुशी गर्न पाउँछ । बन्डा गर्न कर लाग्दैन । अंश नभए पनि मानो छुट्टिई भिन्न बसेका वा रजिष्ट्रेसन नगरी खती उपती

आफ्नो आफ्नो गरी आफ्नो हिस्सासँग मात्र राखी खानु पिउनु गरेकोमा एकै ठाउँमा भएपनि मानो छुट्टिई भिन्न भएको ठहर्छ । त्यस्तो कमाएको धन लगाएको ऋण आफ्नो आफ्नो हुन्छ ।" भन्ने उल्लेख भएको देखिन्छ । यसरी पुनरावेदक रामकृष्णले निजी व्यवसाय सञ्चालन गरी प्राप्त गरेको आयबाट खरिद गरेको भन्ने देखिएको विवादमा आएको कि.नं. ४२ को जग्गा बन्डा लाग्ने सगोलको सम्पत्ति हो भन्ने नदेखिएकोले पुनरावेदन अदालत, पाटनले उक्त कि.नं. ४२ को जग्गासमेत बन्डा गर्ने ठहर गरेको फैसला मिलेको देखिन नआउने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट पुनरावेदक रामकृष्ण श्रेष्ठको नामको कि.नं. ४२ जग्गा निजी आर्जनको देखिई बन्डा नलाग्ने हुँदा सो जग्गासमेत बन्डा हुने ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।३१ को फैसलामा त्रुटि रहेको देखिँदा उक्त फैसला केही उल्टी भई कि.नं. ४२ को जग्गाबाट वादीले अंश नपाउने ।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७४ साल भदौ २८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-०५६४, ०६९-CR-०५६८ र ०६९-CR-०६७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनबहादुर वलीसमेत, खकेन्द्रकुमार वली वि. नेपाल सरकार र मनबहादुर वली वि. नेपाल सरकार*

प्रतिवादी खकेन्द्रकुमार वलीकै प्रहारबाट मृतकको मृत्यु भएको भन्ने पुष्टि भई निज प्रतिवादीलाई मुख्य कसुरदार ठहऱ्याई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने ठहऱ्याएको अवस्थामा केवल शङ्काको भरमा निजलाई सर्वस्वसहित जन्मकैद गर्दा न्यायोचित हुने देखिँदैन । निज वारदातको दिन मृतकसँगै रहेको, प्रतिवादी खकेन्द्र वलीसँगै नास्ता गरेको, मृतकको साथमा प्रतिवादी लालबहादुर र दुईजना टमटाहरू रहेको थिए भनी शेरबहादुर खत्री, झुपलाल वलीसमेतको बकपत्रबाट देखिइरहेको, निजउपर किटानी जाहेरी परेको, वारदातको दिन प्र. खकेन्द्र र लालबहादुर खड्का दिउँसो एकछिन भेट भएको थियो । यी दुईबीच राम्रो सम्बन्ध छ भनी सविता वलीको बकपत्रबाट देखिन्छ । यिनले आफू र मृतकलाई दुई जनाले अपहरण गरी ५ मिनेटको दुरिमा लगेपछि म लडे र मलाई उनीहरूले धकेली दिए भनी सुरू अदालतमा बयान गरेबाट यिनको उक्त वारदात कसुरमा केही संलग्नता थिएन भनी मान्न मिल्ने देखिँदैन । यस अवस्थामा निजलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिने ।

वादी नेपाल सरकारको तर्फबाट प्रतिवादी ढाकाराम टमटा र प्रतिवादी वेलधर टमटालाई सफाइ दिएउपर पर्न आएको पुनरावेदन सम्बन्धमा विचार गर्दा प्रतिवादी ढाकावीर टमटा मृतक मनबहादुर वलीको पसलमा बस्ने भएपनि निज कान कम सुन्ने भन्ने निजको बयानबाट देखिएकोसँगै भएका वेलधरले आफ्नो साथीको रू.१०,०००।- लुटिएको भनेकोमा सोबारे निजलाई केही थाहा नभएको र लुटपिट भइसकेपछि प्रतिवादी लालबहादुर उनीहरूको कोठामा आई प्रतिवादी वेलधरले उठाएपछि मात्र प्रतिवादी ढाकावीरलाई मृतक मनबहादुरको अपहरण भएको भनी वेलधरले सुनाएर आफूले थाहा पाएको भन्ने निजको बयानबाट देखिनुका साथै कुनै पनि अन्य प्रमाणबाट प्रतिवादी ढाकाविरको कसुरमा संलग्नता रहेको देखिँदैन । यस अवस्थामा निजलाई सफाइ दिनेगरी भएको सुरू फैसला मनासिब ठहऱ्याएको पुनरावेदनको फैसला मिलेकै देखियो । यीनै प्रतिवादी सँगसाथै रहेका र कसुरमा निजको संलग्नतासमेत कही कतैबाट पुष्टि नभई रहेको अवस्थामा सोहीसरहका प्रतिवादी ढाकाराम टमटालाई सफाइ दिएकै आधारमा

प्रतिवादी वेलधर टमटाले समेत सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला पनि मिलेकै देखिने।

किटानी जाहेरी घटनास्थल विवरण, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरू लालबहादुर खड्का एवम् मनबहादुर वलीले गरेको बयान शेरबहादुर खत्रीसमेतको घटनाविवरण कागज एवम् बकपत्रसमेतका आधारबाट प्रतिवादी खकेन्द्रकुमार वलीको मृतक मनबहादुर वलीको हत्यामा संलग्नता रहेको पुष्टि हुँदा निजको हकमा ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत, तुलसीपुर दाङको फैसला मनासिब नै देखिने।

किटानी जाहेरी घटनास्थल विवरण, लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरू लालबहादुर खड्का एवं मनबहादुर वलीले गरेको बयान शेरबहादुर खत्रीसमेतको घटना विवरण कागज एवं बकपत्रसमेतका आधारबाट प्रतिवादी खकेन्द्रकुमार वलीको मृतक मनबहादुर वलीको हत्यामा संलग्नता रहेको पुष्टि हुँदा निजको हकमा ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुरमा सोही नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहराएको सुरू फैसला सदर हुने गरी भएको पुनरावेदन अदालत, तुलसीपुर दाङको फैसला मनासिब नै देखिने।

प्रतिवादी खकेन्द्रकुमार वलीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद प्रतिवादी लालबहादुर खड्का र मनबहादुर वलीलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद हुने तथा प्रतिवादी बेलधर टमटा र ढाकावीर टमटाले अभियोग दाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत, तुलसीपुर दाडबाट मिति २०६९।०३।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रतिवादी खकेन्द्र वलीले ज्यानसम्बन्धी महलको १३(१) नं. को कसुर गरेको पुष्टि भई सोही नं. ले सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुर दाङको फैसला सदर हुने ठहरेकोमा प्रतिवादी खकेन्द्रकुमार वलीको उमेर अपराध हुँदाका अवस्थामा १८ वर्ष मात्र रहेको निज एस.एल.सी. को जाँच दिई बसेको, निजको परिवारमा ७ सात जना सदस्य रहेको, जग्गाको आयस्ताले मेहनत गरे मात्र खान पुग्ने भन्ने निजको बयानबाट देखिएको समेतका आधारमा निज घटना परिबन्धमा परी निजको हातबाट हत्या हुन गएको भन्ने देखिँदा निजलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने देखिएको र कैद वर्ष १२ (वाह्र) गर्दा ऐनको मक्सद पूरा हुने हुँदा पुनरावेदक प्रतिवादी खकेन्द्रकुमार वलीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १२ कायम हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-०६६२, जबरजस्ती चोरी, नेपाल सरकार *वि. हिरामणी घर्तीमगरसमेत*

प्रतिवादी हिरामणि घर्तीमगरको साथबाट ट्रकको चाबी, ब्लू बुक, रेडसेल मोबाइल बरामद भएको छ। ट्रकको बा १ क ७५५० नं. परिवर्तन गरी मे.१ ख ४३५६ बनाएको अवस्थामा ट्रक बरामद भएको छ । बरामदी मुचुल्का बेरीतको छ भन्ने प्रतिवादीहरूले प्रश्न उठाएको पनि छैन। बरामदी मुचुल्का मुलुकी ऐन, अ.बं. १७२ नं. को प्रक्रिया पूरा गरी तयार भएकोमा सन्देह

देखिँदैन । मौकाको साबिती बयानलाई बरामदी मुचुल्काको पुष्टि गरिरहेको अवस्था छ । यी प्रतिवादीहरू पक्राउ परेको स्थान दाङ घोराहीबाटै ट्रकको नम्बर परिवर्तन गरिराखेको अवस्थामा ट्रक भेटिएको हुँदा यी प्रतिवादीहरूले चोरी गरी लिन खाने मनसायबाट नै गाडीको नम्बर परिवर्तन गरेको भन्ने पुष्टि भइरहेको अवस्था छ। केवल अदालतमा इन्कारी बयान साक्षीद्वारा पुष्टि गरेकै आधारमा चोरीका सामान प्रतिवादीहरूबाट बरामद भएको प्रत्यक्ष प्रमाणलाई नजरअन्दाज गरी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला मिलेको नदेखिने।

अत: उल्लिखित आधार कारणहरूबाट प्रतिवादीहरू हिरामणि घर्तीमगर, अम्बर बुढामगर र टुनिल बुढामगरलाई सुरू नवलपरासी जिल्ला अदालतको फैसलाले सफाइ दिने गरी भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।१२।२७ को फैसला उल्टी भई प्रतिवादीहरूले ट्रकसमेत कूल बिगो रू. १३,२८,५००।– बराबरको सम्पत्ति चोरी गरेको ठहरेकोले मुलुकी ऐन, चोरीको १ नं. विपरीतको कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरूलाई चोरीको १२ नं. बमोजिम बिगोबमोजिम जरिवाना र जनही १ महिना कैद हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** २०६९-CR-०७८६, २०७०-CR-१३३३, अपहरण तथा शरीरबन्धक, *नेपाल सरकार वि. सत्यनारायण चौधरीसमेत, सत्यनारायण चौधरी वि. नेपाल सरकार*

प्रतिवादीमध्येका महमद मियाँको श्रीमती सरीदा खातुनले निजको घरमा बच्चाललालाई देखी निजलाई सोद्धा मलाई सत्यनारायण चौधरी र महमद मियाले यहाँ ल्याई राखेका हुन्, सत्यनारायण चौधरीले खाना ल्याइदिएको हुँदा खाँदैछ भन्दा सोही समयमा सत्यनारायण र मोहमद मियाँ आइपुगे भनी गरेको मौकाको कागज प्रतिवादी सत्यनारायण चौधरीले बच्चालालसँग लिनुपर्ने रकम नदिएकोले बच्चालाल साइकल चढी कञ्चनपुरतिरबाट धोद्राहातिर जाँदै गरेको देखी बोलाउँदा नबोली सरासर जान लागेकोले कलिम मियाँको सहयोग लिई जिम्मा दिएको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज जाहेरवाला सुखनन्दन चौधरीले सत्यनारायणसँग बाबु बच्चालालको लेनदेन विवादका कारण निज र विन्देश्वर चौधरी र महमद मियाँसमेत भई अपहरण गरेको भन्ने सत्यनारायणको मुखबाट थाहा पाएको हो भनी अदालतमा गरेको बकपत्र, प्रतिवादी सत्यनारायण चौधरीको घरबाट पीडितको साइकल बरामद भएको बरामदी मुचुल्कासमेतबाट प्रतिवादी सत्यनारायणको मुखबाट थाहा पाएको हो भनी अदालतमा गरेको बकपत्र, प्रतिवादी सत्यनारायण चौधरीको घरबाट पीडितको साइकल बरामद भएको बरामदी मुचुल्कासमेतबाट प्रतिवादी सत्यनारायण चौधरीकै जरियाबाट कसुर अपराध भएको भन्ने देखिँदा प्रतिवादी विन्देश्वर चौधरी, कलिम मियाँ र मुखीलाल चौधरीलाई कसुरबाट सफाइ दिने ठहरी भएको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।३।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी सत्यनारायण चौधरी र महमद मियाँको मिलेमतोबाट पीडित बच्चालाल चौधरीको अपहरण भएको देखिएकोले निजहरूलाई अपहरण तथा शरीरबन्धक लिनेको महलको १, २, ३ नं. बमोजिमको कसुरमा सोही महलको ३ नं. बमोजिम जनही ८ वर्ष र ऐ.महलको ७ नं. बमोजिम जनही थप २ वर्ष कैद र रू.७५,०००।– जरिवाना गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।३।११ को फैसला मिलेको

भए पनि कसुर ठहर भएपछि पीडितलाई सोही महलको ७ नं. बमोजिम क्षतिपूर्ति भराइ दिनुपर्नेमा क्षतिपूर्ति नभराई भएको फैसला मिलेको नहुँदा सो हदसम्म केही उल्टी भई प्रतिवादीहरूबाट पीडितलाई तजबिजी क्षतिपूर्ति रू.१०,०००।– दश हजार भराइदिने ठहर्ने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०२६८, कर्तव्य ज्यान, चोरी र जबरजस्ती करणी, *विनोद कुँवर वि. नेपाल सरकार*

प्रतिवादी विनोद कुँवरले मौका तथा अदालतमा गरेको साबिती बयानलाई जाहेरी दरखास्त, बरामदी मुचुल्का, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनसमेतले समर्थित गरेकोले निज प्रतिवादी विनोद कुँवरले ठूली आमा नाता पर्नेलाई जबरजस्ती करणी गरेको र अपराध लुकाउने नियतले झुण्डाई मारेको देखियो । प्रतिवादीले नै मृतकलाई हाडनाता नाता पर्ने ठूली आमालाई जबरजस्ती करणी गरी अपराध लुकाउने मनसायले झुण्ड्याई मारेको तथ्य पुष्टि भएकोले कर्तव्य ज्यानतर्फ निज प्रतिवादी विनोद कुँवरलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गरेको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

ठूली आमालाई रातिको समयमा गोठमा गई झ्याल खोली पसी निज ठूली आमालाई जबरजस्ती पल्टाई जबरजस्ती करणी गरेकोमा प्रतिवादी विनोद कुँवरले मौका तथा अदालतमा साबिती भएकोमा मृतकको योनिबाट रगत बगेको भन्ने लासजाँच मुचुल्का र Injury sustain in the vaginal भन्ने शव परीक्षण प्रतिवेदनबाट पुष्टि भइरहेकोले निज प्रतिवादीको कार्य जबरजस्ती करणीको १ नं. बमोजिमको देखिन आएकोले सोही महलको ३नं.क देहाय ५ बमोजिम निज प्रतिवादी विनोद कुवरलाई ५(पाँच) वर्ष कैद हुने ठहऱ्याएको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

हाँगा नफाटेको ठूली आमा नाताको देखिएको र हाडनाता करणीको २ नं.को हाडनाता पर्नेलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएकोले हाडनाता करणीको २ नं. बमोजिम सजाय गर्दा ३ वर्षदेखि ६ वर्षसम्म कैद हुने देखिएकोले सुरू जिल्ला अदालत हाडनाता गरेतर्फ हाडनाता करणीको २ नं. बमोजिम २ वर्ष मात्र थप कैद गर्ने ठहऱ्याएको फैसला नमिलेकोले त्रुटिपूर्ण ठहर केही उल्टी गरी प्रतिवादी विनोद कुँवरलाई हाडनाता करणीको २ नं. बमोजिम थप ३ वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी विनोद कुँवरले सानुमाया कुँवरलाई मारी मृतकको साथमा रहेको रू.१०,६००।- पोतेसहित नौगेडी र पोते नभएको तिलहरी लिई गएकोमा प्रतिवादी मौका तथा अदालतमा साबिती नै रहेको र बरामदी वस्तु तिलहरी ४० लालको रू.२३६८०।-, नौगेडी ५० लालको २९६००।- भनी हेराकाजी शाक्य एण्ड सन्स सुन पसलले मुल्य खुलाएको देखिँदा अभियोग दाबीबमोजिम गरगहना र नगदसमेत बिगो रू.६४,३८०।- बराबर प्रतिवादी विनोद कुँवरले जबरजस्ती चोरी गरेको देखिन आएकोले बिगो रू.६४,३८०।- कायम गरी जरिवाना गरी चोरीको १४(२) बमोजिम जरिवानाबापत समेत कैद गरेको र गरगहना फिर्ता पाइसकेकोले नपुग बिगो रू.१०,६००।- जाहेरवालाबाट भराई दिने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलासमेत मिलेकै देखिन आउने।

मृतक आफ्नै गोठ घरमा सुतेको अवस्थामा

यी प्रतिवादी विनोद कुँवर करणी गर्ने मनसायले गएको र जबरजस्ती करणी गरेपछि अपराध लुकाउने मनसायले मृतकलाई झुण्डाई मारेको देखिँदा यस्तो जघन्य अपराधमा कसुर स्वीकार गरेको कारणले मात्र सजायमा कमी हुन सक्ने नदेखिँदा अ.बं. १८८ नं. को सुविधा यी प्रतिवादीले पाउने नदेखिने।

तसर्थ विनोद कुँवरलाई हाडनाता करणीको महलको २ नं. बमोजिम थप २ वर्ष कैद गर्ने र बिगो रू.१०,६००।- जरिवाना हुने तथा जरिवानाबापत समेत कैदको सजाय हुने ठहर्‍याएको हदसम्म सुरू ललितपुर जिल्ला अदालतको मिति २०६९।१०।८ को फैसला मिलेको नदेखिँदा केही उल्टी हुने ठहराई प्रतिवादी विनोद कुँवरलाई हाडनाता करणीको २ नं. बमोजिम थप ३ वर्ष कैद र चोरीको बिगो रू. ६४,३८०।- बमोजिम जरिवाना भई सोबापतसमेत कैद गरी बरामद नभएको बिगो रू.१०,६००।- प्रतिवादीबाट जाहेरवालालाई भराई दिने र जबरजस्ती करणीको ३(५) नं. बमोजिम ५ वर्ष कैद हुने र मनसायपूर्वक ज्यान मारेकोमा ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।११।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल भदौ १७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-१२१०, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), *जनकराज भुसाल वि. नेपाल सरकार*

प्रतिवादी जनकराज भुसालले विशेष अदालत काठमाडौंमा बयान गर्दा उक्त शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली होइन सक्कली हो पुन: प्रमाणीकरण गराई पाउँ भनी जिकिर लिएको र सो अनुरूप निजको शैक्षिक योग्यताको प्रमाणपत्र र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आरोपपत्रसाथ पेस भएको शैक्षिक योग्यताको प्रमाण पत्र पुन: प्रमाणीकरणको लागि विशेष अदालत काठमाडौंबाट लेखी पठाउँदासमेत निजको नाउँको शैक्षिक योग्यताको प्रमाण पत्र Fail भनी प्रमाणीकरण भई आएको व्यहोरा लेखी आएको देखिँदा निजको उक्त शैक्षिक प्रमाणपत्र नक्कली नै रहे भएको तथ्य स्थापित हुन आउने।

प्रतिवादी जनकराज भुसालका उपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) नं. बमोजिम सजायको माग दाबी लिएको देखिन्छ भने निज प्रतिवादीले उक्त प्रमाणपत्र २०६० सालमा पेस गरी २०६० सालमा प्र.स.नि. पदमा बढुवा भएको र २०६८ सालमा प्र.ना.नि.पदमा बढुवा हुँदासमेत उक्त प्रमाणपत्र पेस गरेको भन्ने देखिन आएकोले निजले सो पेस गरेको समयमा कसुर गरेको देखिँदा निजलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ कै कानूनी व्यवस्था नै आकर्षित हुने।

तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणहरूबाट निज प्रतिवादी जनकराज भुसालले नक्कली व्यहोराको आई.ए.को शैक्षिक योग्यताको प्रमाण पत्र पेस गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको ठहर्‍याई सोही ऐनको दफा १६(१) बमोजिम निज प्रतिवादीलाई छ(६) महिना कैद र रू.१०,०००।- जरिवाना हुने ठहर्‍याएको सुरू विशेष अदालत काठमाडौंको मिति २०७२/७/१९ को फैसला मिलेकै देखिँदा प्रत्यर्थी झिकाउनुपर्ने देखिएन। अतः विशेष अदालत काठमाडौंको फैसला सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल फागुन १० गते रोज ३ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०७२-WO-०२९१, उत्प्रेषण, *जयदीप गौतम वि. त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान विद्यापरिषद् महाराजगञ्ज, काठमाडौंसमेत*

निवेदक ५ वर्षे शैक्षिक कार्यक्रम अध्ययनको लागि भर्ना भएको भए तापनि प्रथम फेज नियमित (पहिलो पटक) पश्चात् अरू तीनपटक पूरक परीक्षा दिन पाइने त्यसपश्चात् नपाइने भन्ने कुरा सम्बन्धित निकायको सूचनामा स्पष्टरूपमा उल्लेख भएको र निवेदकले नियमितपश्चात् तीन पटक परीक्षा दिइसकेको देखियो । कुनै पनि शैक्षिक संस्थामा विद्यार्थी भर्ना हुने कानूनी व्यवस्था, पाठ्यक्रमको तर्जुमा, मूल्याङ्कन विधि तह पार गर्ने समय आदि निर्धारण गर्ने अधिकार सम्बन्धित संस्थालाई ऐन, नियमले अधिकार दिएको हुन्छ । यसप्रकार ऐन नियमद्वारा प्रदत्त अधिकार प्रयोग गरी साधिकारबाट भएको निर्णयलाई समानरूपमा सबै विद्यार्थीहरूलाई लागू गरिएको कार्यलाई अन्यथा भन्न नमिल्ने हुँदा त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान तथा त्रि.वि.सँग सम्बन्धन प्राप्त कलेजहरूको शैक्षिक वर्ष २०६८।०६९ का लागि स्नातक तहमा लिइने विद्यार्थी भर्नासम्बन्धी विस्तृत सूचनाको नतिजा प्रकाशन तथा भर्ना प्रक्रिया शीर्षकको ७ नं. मा सर्त उल्लेख गरिएको र सो सर्त स्वीकार गरी यी निवेदक MBBS मा भर्ना भएको र उक्त सर्त आफूबाट पालन भएको भनी भन्न नसकेको अवस्थामा शिक्षाको हकबाट वञ्चित गरेको भनी दायर भएको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०६८-WO-११५४, उत्प्रेषण / परमादेश, *सर्मुनलाल शाक्य वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत*

निवेदक सर्मुनलाल शाक्य मिति २०६३।०४।०१ र विपक्षी कृष्ण जि.सी. २०६३।०३।३२ देखि बहाल भई कामकाज गरेको व्यहोरा लोक सेवा आयोगको जानकारी सम्बन्धमा च.नं. ४८९ को मिति २०६८।११।५ को पत्रबाट देखिन्छ । बढुवा नियुक्तिउपर चित्त नबुझाई रिट निवेदकले बढुवा समितिको सचिवालय सामान्य प्रशासन मन्त्रालयमा उजुरी दिएकोमा एकै मितिमा रा.प. तृतीय श्रेणीमा नियुक्ति पाएको बढुवा सिफारिस हुनुभएका कृष्ण जिसी र उजुरीकर्ता सर्मुलाल शाक्यले नियुक्ति पाए पनि कृष्ण जि.सी. २०६३।३।३२ मा र सर्मुनलाल शाक्य २०६३।४।१ मा मात्र हाजिर भएको भनी लोक सेवा आयोगको च.नं. ४८९ मिति २०६८।११।५ को पत्रबाट देखिँदा यसरी दुवैजनाको कार्यक्षमता बापतका अन्य प्राप्ताङ्कहरू, बराबर भए तापनि भौगोलिक क्षेत्रबापतको अङ्क निजामती सेवा ऐन, २०४९ को दफा २४ग बमोजिम सम्बन्धित पदमा काम गरेको आधारमा प्रदान गर्दा निज कृष्ण जिसी को कूल प्राप्ताङ्क ७१.०१२१ भन्दा उजुरीकर्ता सर्मुनलाल शाक्यको कूल प्राप्ताङ्क ७१.००८७ भएको उजुरीकर्ता बढुवा सिफारिसमा नपरेको भनी निर्णय भएको देखिन नआउने ।

रिट निवेदक र बढुवा भएका कृष्ण जि.सी. घ वर्गको भौगोलिक क्षेत्रमा कार्यरत रहेको पाइन्छ । रिट निवेदकभन्दा १ दिन अगावै विपक्षी कृष्ण जि.सी. घ वर्गको भौगोलिक क्षेत्रमा कार्यरत रहेको पाइन्छ । रिट निवेदकभन्दा १ दिन अगावै विपक्षी कृष्ण जि.सी. हाजिर भएको कुरा लोक सेवा आयोग च.नं.

४८९ को मिति ०६८।११।५ को जानकारी पत्रबाट देखिन आयो। यसअनुरूप निजामती सेवा ऐन, २०४९ को दफा २४ ग (४) मा कुनै एक भौगोलिक क्षेत्रमा दुईसय तेत्तीस दिन रूजु हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन भन्ने व्यवस्थाबाट भौगोलिक क्षेत्रबापतको अङ्क गणना गर्दा रूजु हाजिरलाई आधार मान्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको पाइन्छ । जसबाट यी रिट निवेदकको भन्दा विपक्षी कृष्ण जि.सी. भौगोलिक क्षेत्रबापतको अङ्क स्वत: बढी हुन जाने देखिन आएकोले बढुवा समितिको सचिवालय सामान्य प्रशासन मन्त्रालयको विपक्षी कृष्ण जि.सी. लाई बढुवा गरेको निर्णय रीतपूर्वककै देखिन आयो । तसर्थ निवेदकको निवेदन मागबमोजिमको उत्प्रेषण परमादेशलगायतका उपयुक्त आज्ञा आदेश जारी गर्नुपर्ने अवस्था देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-WO-०३१३, उत्प्रेषण / परमादेश, *सोनाम सिं तामाङसमेत वि. उद्योग मन्त्रालय, सिंहदरबारसमेत*

आशापुरी रोडा ढुंगा सप्लायर्स प्रा.लि. उद्योगले प्राप्त गरेको अनुमतिको सम्बन्धमा सो अनुमति पत्र जारी गर्ने निकाय र सिफारिस गर्ने निकायको कुरा प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज संस्थाहरूको कुराहरू सुन्नुपर्नेमा सुनुवाइको मौकासमेत प्रदान नगरी निज संस्थाहरूले निवेदन दाबीको उद्योग सञ्चालनको लागि जारी गरेको अनुमति र सिफारिसलाई बदर गर्न मिल्ने देखिएन। अतः सरकारी कार्यालय, र जि.वि.स. काभ्रेपलाञ्चोकबाट रीतपूर्वक जारी भइरहेको अनुमतिको आधारमा भए गरेको कार्यहरू आफैँमा दोषपूर्ण रहेको छ भनी मान्न नमिल्ने।

विकास निर्माणको लागि प्रत्यक्ष चाहिने कच्चा पदार्थको आवश्यकता पर्दछ भन्ने कुरामा विवाद नै हुन सक्दैन । कच्चा पदार्थको रूपमा रहेको रोडा ढुंगाको उत्खनन् गर्न कानूनले तोकेको सर्तहरूको अधीनमा रही दिनुपर्ने हुन्छ । त्यसरी रोडा ढुंगा उत्खनन् गर्न नै नदिने हो भने विकास निर्माण जस्तो कार्य नै अवरूद्ध हुन सक्दछ। तसर्थ कानूनले तोकेको मापदण्ड पुऱ्याएर रोडा ढुंगा उत्पादन गर्न पाउँदैन भन्न मिल्ने देखिँदैन। यसर्थ वातावरणीय प्रभाव र विकास निर्माणको बीचमा सन्तुलन कायम गरी उद्योग सञ्चालनको कार्य गर्न दिनु वाञ्छनीय हुने।

आशापुरी रोडा ढुंगा उद्योग नजिकै रहेका जागृति विद्यालय र आशापुरेश्वर महादेव मन्दिरको तर्फबाट पेस भएको लिखित जवाफमा विपक्षी आशापुरी रोडा ढुंगा सप्लायर्स प्रा.लि. उद्योग सञ्चालन भएमा विद्यालय र धार्मिकस्थललाई असर पर्ने छैन भनी लिखित जवाफमा उल्लेख गरेको पाइन्छ । निजी गुठीअन्तर्गतको जग्गाका मोहीहरूले रोडा ढुंगा उत्खनन् कार्यको लागि मन्जुर गरी उद्योग खोल्न अनुमति दिएको पनि पाइयो। विज्ञान तथा प्रविधी मन्त्रालयले पेस गरेको लिखित जवाफमा वातावरण ह्रास आउने कार्य भएमा नियन्त्रण गरिने भनी प्रतिबद्धतासमेत उल्लेख गरेको पाइन्छ । आशापुरी रोडा ढुंगा उद्योगले सार्वजनिक वन जंगल, खोलानालाको बगर प्रयोग गरी उत्पादन गरेको पनि देखिँदैन । तसर्थ कानूनबमोजिमको सबै प्रक्रिया पूरा गरी कानूनबमोजिम अनुमति लिई विपक्षी आशापुरी रोडा ढुंगा उद्योगले रोडाढुंगा उत्पादन गरेको कार्य गैरकानूनी देखिन आएन । अतः उल्लिखित तथ्य एवम् आधार कारणहरूबाट निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी

गर्न मिल्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने।
इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७३ साल भदौ ६ गते रोज २ शुभम्।
यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-MS-०००३, अदालतको अवहेलनामा सजाय गराई पाउँ, *नानीकुमार लामासमेत वि. महानिर्देशक, खानी भू-गर्भ विभाग, लैनचौरसमेत*
- ०७०-WO-११४९, उत्प्रेषण / परमादेश, *नानीकुमार लामासमेत वि. वातावरण विज्ञान र प्रविधि मन्त्रालय, सिंहदरबारसमेत*

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CI-१३६९, निषेधाज्ञा / परमादेश, *राम पदारथ महतो वि. शान्तिदेवी झा*

विवादित कित्ता नम्बर ६१८ को जग्गाको सम्बन्धमा यीनै निवेदक र प्रत्यर्थीहरूको बीचमा फौ.नं. ५४२ को किर्ते जालसाजी र दे.नं. १९२६ को लिखत दर्ता बदर मुद्दा सर्लाही जिल्ला अदालतमा विचाराधीन रहेको भन्ने देखिन आएको छ। विचाराधीन रहेको सोही मुद्दाबाट निवेदकले कानूनी उपचार प्राप्त गर्नसक्ने नै अवस्था रहेको छ। हाल प्रत्यर्थीको नाउँमा उक्त जग्गा दर्ता रहेको छ। सो दर्ताको बारेमा उक्त मुद्दाको किनारा नभएसम्म जग्गामा भोग आवाद गर्नबाट वञ्चित गर्न मिल्ने देखिँदैन। मुद्दा परी हक वेहक नछुट्टिएसम्म जग्गा आवाद नै गर्न नमिल्ने पनि हुँदैन। उक्त विचाराधीन रहेको मुद्दामा भोग बाली बारेमा अदालतबाट आवश्यक आदेश हुन सक्ने पनि अवस्था रहने।

अतः अदालतमा विचाराधीन रहेको उक्त मुद्दा किनारा नभएसम्म भोग गर्न र बाली बुझ्न नरोक्नु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।१२।१८ को आदेश मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: यमप्रसाद बास्कोटा
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०३०९, उत्प्रेषण, *सिंहराज डाँगी वि. शिक्षा मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदकलाई अवधि नपुगी गरिएको सरूवा सम्बन्धमा विपक्षी शिक्षा मन्त्रालयको लिखित जवाफबाट सामान्य प्रशासन मन्त्रालयको सहमति लिई सरूवा गरेको भन्ने पनि देखिँदैन। निजामती सेवा नियमावली,०४९ को नियम ३६(७) मा भएको कानूनी व्यवस्थाअनुसार कुनै निजामती कर्मचारीलाई अवधि नपुगी सरूवा गर्नु परेमा सरूवा गर्नुको आधार सरूवा पत्रमा उल्लेख गर्नुपर्ने हुन्छ। यसरी अवधि नपुगी सरूवा गरिएकोमा अवधि नपुग्दै सरूवा गर्नुको स्पष्ट कारण खोली सरूवासम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ भन्ने व्यवस्थासमेत रहेको पाइन्छ। सोबमोजिमको कार्यविधि निवेदकलाई सरूवा गर्दा अवलम्बन गरिएको देखिएन। यसरी निवेदकलाई अवधि नपुगी सरूवा गरिएको शिक्षा मन्त्रालय (सचिव स्तर) को मिति २०७१।५।३१ को निर्णय कानूनअनुकूल देखिन नआउने।

तथापि निवेदन मागबमोजिम विपक्षी शिक्षा मन्त्रालयबाट गैरकानूनी तरिकाले गरिएको मिति २०७२।५।३१ को सरूवा बदर गराई माग्न मिति २०७२।७।११ मा निवेदन परेको र उक्त निवेदनउपर सुनुवाइ भई यस अदालतबाट सरूवापत्र कार्यान्वयन नगर्नु भन्ने अन्तरिम आदेश जारी भई सरूवा रोकिई

हालसम्म निवेदक जिल्ला शिक्षा कार्यालय, डोल्पामा नै कार्यरत रहेको अवस्था देखियो । अहिले सुनुवाइ हुँदाको अवस्थासम्म कानूनले तोकेको सरूवासम्बन्धी न्युनतम अवधिसमेत पूरा भइसकेको देखिएको हुँदा अब उक्त सरूवासम्बन्धी निर्णय बदर गर्नुपर्ने प्रयोजन देखिएन । तसर्थ उत्प्रेषणको आदेश जारी गरी रहन नपर्ने ।

सरूवा गर्दा प्रचलित कानूनमा तोकिएको प्रक्रिया र कार्यविधिको समुचित अनुशरण गर्नु आवश्यक हुन्छ । सरूवा गर्न पाउने अख्तियारीको आडमा कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी सरूवा गर्नु उचित होइन । कानूनको पालना गर्नु कानूनको शासन कायम गर्नको लागि आवश्यक हुन्छ । विधि र प्रक्रियालाई पन्छाएर गरिएका निर्णयहरू स्वेच्छाचारी हुन्छन । त्यसलाई मान्यता दिन सकिँदैन । प्रस्तुत विवादसम्बन्धी सरूवा निर्णय हेर्दा शिक्षा मन्त्रालयका सचिवले कर्मचारी सरूवा गर्दा पालन गर्नुपर्ने विधि र प्रक्रियाको अनुशरण गरेको देखिएन । तसर्थ अब उप्रान्त कर्मचारीको सरूवासम्बन्धी निर्णय गर्दा कानूनमा तोकिएको सर्त र प्रक्रिया पूरा गर्ने गर्नु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल चैत १ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०६३१, उत्प्रेषण, *भगवती आचार्य वि. नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डीसमेत*

निवेदिका भगवती आचार्य जेठी श्रीमती भए पनि निज अंशबन्डा लिई २०५७ सालमै छुट्टी भिन्न भइसकेको देखिएको छ । निजलाई पनि ठाकुरप्रसाद आचार्यले आफ्नो शेषपछि निवृत्तिभरण पाउने व्यक्तिमा इच्छाइएको नदेखिएको अवस्थामा श्रीमती भएकै आधारमा शेषपछिको निवृत्तिभरणमा हकदार मान्न कानूनत: मिल्ने देखिँदैन । ईच्छाइएको हकदार भएसम्म अरू कुनै पनि हकवालाले निज जतिसुकै नजिकको भए पनि निवृत्तिभरणमा दाबी गर्न पाउने नदेखिने ।

तसर्थ, निवेदकका पति ठाकुरप्रसाद आचार्यले आफू विश्वविद्यालयको सेवामा वहाल रहँदै गरेको व्यक्तिगत विवरण फारममा र निवृत्तिभरण पाउने व्यक्तिले भर्नुपर्ने विवरणमा कान्छी श्रीमती शिवादेवी आचार्यको नाम इच्छाइएको व्यक्तिको महलमा उल्लेख गरेको हुँदा निजको मृत्युपछि पाउने निवृत्तिभरणमा कान्छी श्रीमती शिवादेवीले निवृत्तिभरण पाउने गरी नेपाल संस्कृत विश्वविद्यालयबाट मिति २०७१।१२।३० मा गरेको निर्णयको जानकारी निवेदकलाई मिति २०७२।१।९मा गराएको जानकारी पत्र कानूनबमोजिम नै जारी भएको देखिँदा उक्त निर्णयलाई उत्प्रेषणको आदेशले बदर गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल चैत १ गते रोज ३ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-०६६६, उत्प्रेषण / परमादेश, *अरूणकुमार झा वि. स्वास्थ्य सेवा विभाग टेकुसमेत*

निवेदक अधिकृत सातौं तहको कर्मचारी भएको र सातौं तहका कर्मचारीहरूलाई पुल दरबन्दीबाट कामकाज गर्न खटाउन मिल्ने नमिल्ने सन्दर्भमा हेर्दा नेपाल स्वास्थ्य सेवाको सातौं तहका कर्मचारीहरूलाई पुल दरबन्दीबाट कामकाज गर्न खटाउनेसम्बन्धी कार्यविधि, २०६९ को खण्ड २ को २.१ नं. मा "पुल दरबन्दीमा पदस्थापना गरी कामकाज गर्न खटाउने

जिम्मेवार निकाय सम्बन्धित समूह उपसमूहसँग सम्बन्धित विभाग रहने छन्" भन्ने व्यवस्था गरेकोले उक्त कार्यविधि अनुसार यी निवेदकलाई स्वास्थ्य सेवा विभागले गरेको सरूवालाई अख्तियारवाला निकाय होइन रहेछ भनी भन्न मिल्ने नदेखिने।

विभागले निवेदकलगायत स्वास्थ्य सेवाको सातौं तहका कर्मचारीलाई जहाँसुकै स्थानमा खटाउन सक्ने देखिन्छ। सो कार्यविधिको २.२ को खण्ड (क) (ख) को व्यवस्थाबाट अन्य सेवा समूहमा समेत खटाउने सक्ने नै देखिन्छ। यी निवेदकलाई स्वास्थ्य सेवा विभागले एउटै जिल्ला र एउटै उपमहानगरपालिका अन्तर्गत रामघाटमा रहेको एउटा संस्थाबाट स्वास्थ्य सेवाकै अर्को संस्थामा सरूवा भएको र ती दुवै संस्थाहरू एकै ठाउँमा रही बीचमा सडकले छुट्याएकोसम्म देखिँदा निवेदकको हक हितविपरीत कार्य भयो भन्न मिल्ने देखिँदैन। यति सामान्य कुरामा अत्यन्त सूक्ष्म संवेदी भई अदालतबाट हस्तक्षेप गर्न उचित र आवश्यक देखिँदैन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज।

इजलास अधिकृत: जगतबहादुर पौडेल
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-WO-११३९, उत्प्रेषण / परमादेश, *अरूणकुमार झा वि. स्वास्थ्य सेवा विभाग टेकुसमेत*
- ०७०-WO-०४५४, उत्प्रेषण / परमादेश, *अरूणकुमार झा वि. स्वास्थ्य सेवा विभाग टेकुसमेत*

२

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-१२५६, उत्प्रेषण / परमादेश, *प्रशान्तकुमार झासमेत वि. एन.आई.डि.सी. क्यापिटल मार्केट लि. कमलपोखरीसमेत*

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा १७(१) (ग) को व्यवस्थालाई एकीकृत निर्देशन, २०६९ को निर्देशन ६, बुँदा नं. १ को उपबुँदा नं. १३ ले शंकुचित पारेको देखियो। उपर्युक्त निर्देशन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ अन्तर्गत जारी भएको देखिन्छ। सो दफा ७९ ले नेपाल राष्ट्र बैंकले वाणिज्य बैंक तथा वित्तीय संस्थालाई नियमन गर्न पाउने र सो सम्बन्धमा आवश्यक देखिएका विषयमा आवश्यक निर्देशनसमेत दिन पाउने अधिकार दिएको देखियो। त्यस्तो निर्देशन ऐनका उद्देश्य एवम् आवश्यकलाई हेरेर त्यसको कार्यान्वयनको लागि जारी गरिने हुँदा विधायिकाद्वारा बनाइएका ऐनको दायरालाई सीमित वा विस्तृत गर्ने गरी निर्देशन वा आदेश जारी हुन सक्ने देखिँदैन। ऐनमा उल्लेख भएको व्यवस्थालाई नियमनकारी निकायको निर्देशनले काट्ने हो भने विधायिकाद्वारा कानून निर्माण गर्नुको औचित्य नै समाप्त हुने।

नियम विनियम वा निर्देशन जारी गर्न कानूनबमोजिम अधिकारप्राप्त निकायले ऐन र ऐनले प्रत्योजन गरेको अधिकारको दायराभित्र रहेर काम गर्न आवश्यक हुन्छ। यस सन्दर्भमा हेर्दा उक्त निर्देशनको व्यवस्था बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा १७ को उपदफा (१) को खण्ड (ग) को प्रतिकूल रहेको देखियो। कुनै नियमक निकायले जारी गरेको निर्देशन ऐनमा भएको व्यवस्थाको प्रतिकूल भएमा सो हदसम्म त्यस्तो निर्देशनको वैद्यता नहुने।

तसर्थः नेपाल राष्ट्र बैंकबाट जारी भएको उक्त निर्देशनको संशोधित अंशबाट निवेदकले उठाएको विषय सम्बोधन भइसकेको र संशोधित व्यवस्था बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको दफा १७(१)(ग) को प्रतिकूल नदेखिएकोले प्रस्तुत रिटको प्रयोजन

नरहेको हुँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६९-WO-११८१, उत्प्रेषण / परमादेश, *नारायण सुन्दर श्रेष्ठ वि. एन.आई.डि.सी. क्यापिटल मार्केट लि. कमलपोखरीसमेत*

## इजलास नं. १९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०००८, कर्तव्य ज्यान, *कृष्णप्रसाद फुयाल वि. नेपाल सरकार*

मृतक मनोज भन्ने खिन्तप्रसाद फुयालको मिति २०६९/२/२६ गते मृत अवस्थामा लास भेटिएपछि प्रस्तुत मुद्दाको उठान भएको रहेछ। मृतकको मृत्यु के कसरी भएको हो भनी अनुसन्धानका क्रममा निजका भाइ टंकप्रसाद फुयालले मिति २०६९/२/२८ गते दाजुलाई निज भोला भन्ने कृष्णप्रसाद फुयालले नै मारेकोमा विश्वास लाग्छ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त दिएको र मृतकको लास उत्तानो अवस्थामा रहेको, मृतकको रूद्रघाँटी नजिक २ इन्च डाम देखिएको, पछाडि घाँटीमा २ इन्च खोस्रिएको, टाउकोको पछाडिपट्टि १ इन्च चोट रहेको, मृतकको लास भेटिएको स्थानमा खाडलसमेत खनेको देखिएको, मृतकको बेल्ट (पेटी) खुलेको अवस्थामा रहेको पाइएको भन्ने घटनास्थल प्रकृति मुचुल्का र The cause of death is head injury भनी मृत्युको कारण उल्लेख भएको मृतकको शव परीक्षण प्रतिवेदन (Autopsy Report) समेतका कागजहरूबाट मृतकको मृत्यु स्वाभाविक किसिमको कालगतिले भएको नभई कतर्व्यबाटै भएको देखिन आउने।

पुनरावेदक प्रतिवादी भोला भन्ने कृष्णप्रसाद फुयालले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही बयान गरे तापनि मृतकको लास बरामद भएको मिति २०६९।२।२६ को अघिल्लो दिन अर्थात् मिति २०६९।२।२५ का दिन आफू र मृतकसँगै बसी रक्सी खाएको कुरामा साबिती रही अनुसन्धान अधिकारी र अदालतसमक्ष समेत बयान गरिदिएको पाइन्छ। सोही बयान व्यहोरालाई पुष्टि हुने गरी उक्त प्रतिवादी र मृतकले रक्सी खाएको होटलमै उपस्थित पञ्चबहादुर बलमपाकी र पसलवाला हिरा तामाङले गरिदिएको मौकाको कागज र अदालतसमेतमा गरिदिएको बकपत्र व्यहोराले पुष्टि गरेको पाइन्छ। प्रतिवादीले घटना भएकै साँझ मृतक कहाँ छन् भनी खोज खबर गर्नु भोलिपल्ट निजसँग सोध्दा निजले संकेत गरेकै स्थानतर्फ मृतकको लास भेटिनुलाई संयोगमात्र मानी घटनामा प्रतिवादीको संलग्नता रहेको थिएन होला भनी मान्नु मनासिब हुने देखिएन। प्रतिवादीले वारदात घटनापूर्वको परिस्थितिलाई सामान्यरूपमा लिई घटनाको बारेमा कसुरमा इन्कार रही सो दिन बिहानदेखि बेलुकासम्म नै आफूसँग रहेको भन्ने साक्षीहरूलाई बकपत्र गराउन लगाएको भएपनि सो जिकिर पुष्टि गर्न भने सकेको नपाइने।

मिसिल संलग्न तथ्यगत प्रमाण तथा परिस्थितिजन्य प्रमाणहरूबाट यी प्रतिवादीकै कार्य कारणबाट मृतकको मृत्यु भएको देखिन आयो। मृतकको मृत्यु हुनुभन्दा अघिल्लो दिनसम्म यी प्रतिवादी र मृतक साथै रहेको मादक पदार्थ सेवन गरेको देखिन्छ। आफूसँग दिनभर रहेको व्यक्ति भोलिपल्ट मृत अवस्थामा फेला परेको अवस्था देखिन्छ। आफ्नो कार्य कारणबाट मृत्यु भएको हैन भन्ने प्रतिवादीले यो यस कारणबाट यो यसरी मृत्यु भएको हो भनी मृतकको शरीरमा परेको चोट अन्य कारणबाट परेको अवस्था कारणसमेत खुलाई दिनसकेको अवस्थासमेत देखिँदैन। प्रतिवादीबाहेक अन्यसँग गएको वा अन्य

व्यक्तिसँग झैझगडा भएको भन्नेसमेत मिसिल संलग्न प्रमाणहरूबाट खुल्न आएको नदेखिने।

तसर्थ, उल्लिखित तथ्य, आधार र कारणबाट प्रतिवादी भोला भन्ने कृष्णप्रसाद फुयालको कर्तव्यबाट मृतक मनोज भन्ने खिन्तप्रसाद फुयालको मृत्यु भएको देखिँदा निजलाई मुलुकी ऐन,ज्यानसम्बन्धीको १ नं. तथा १३(३) नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको सुरू महोत्तरी जिल्ला अदालतको मिति २०७०।३।२३ को फैसला सदर हुने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।९।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी भोला भन्ने कृष्णप्रसाद फुयालले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष कसुर अपराधमा इन्कार रही बयान गरेको, भाइचाराको सम्बन्ध रही मार्नुपर्ने सम्मको पूर्वरिसइवी केही नभएको, जोखिमी हतियारसमेत प्रयोग नगरिएको अमानवीय तरिकाबाट शास्ती दिई कर्तव्य गरेको अवस्थासमेत नरहेको, मार्नुपर्नेसम्मको कारण अवस्थासमेत प्रस्ट रूपले नखुलेको, दुवैजनासँगै साथ रहेको अवस्थामा सामान्य विवाद हुँदाको अवस्था कारणबाट मृत्यु हुन गएको देखिएको समेतका कारण रहेबाट प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद गर्दा ज्यादै चर्को पर्न जाने भई विवेक र औचित्यको दृष्टिकोणबाट समेत प्रतिकूल देखिने अवस्था रहेबाट कसुरको मात्राभन्दा बढी सजाय हुनसक्ने अवस्था विद्यमान रहेको देखिँदा प्रस्तुत मुद्दामा स्थापित तथ्य र कारणलाई हेर्दा न्यूनतम सजाय गर्दासमेत न्यायको मकसद पूरा हुने नै अवस्था देखिएकाले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी भोला भन्ने कृष्णप्रसाद फुयाललाई ७ (सात) वर्ष मात्रको कैद सजाय हुन मनासिब हुने राय ठहर हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

इति संवत् २०७४ साल जेठ १९ गते रोज ६ शुभम्।

## एकल इजलास

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ,** ०७२-WO-०४४४, उत्प्रेषण / परमादेश, *तिर्थलाल श्रेष्ठसमेत वि. का.जि. का.म.न.पा. वडा नं. २५ मा कार्यालय रहेको हनुमानढोका दरबार संग्रहालय विकास समितिसमेत*

वस्तुतः रिट निवेदकको कथनबमोजिम नै विपक्षी हनुमानढोका दरबार संग्रहालय विकास समिति र रिट निवेदकहरूबीच पसल भाडामा दिनेसम्बन्धी करारको अवधि समाप्त भइसकेको छ। उक्त करारको अवधि समाप्त भएपछि कानूनबमोजिम नयाँ करार नभएसम्म व्यतित भइसकेको करारको निरन्तरता गर्न सकिने अवस्था हुँदैन। सोहीबमोजिम घरधनी विकास समितिले करारद्वारा नयाँ व्यवस्था गर्न कानूनले रोक लगाएको अवस्थासमेत नहुँदा यस विवादमा घर बनाउनेको ८ नं. आकर्षित हुने अवस्था छैन। साथै विपक्षीले प्रकाशित गरेको भाडाको नयाँ सूचनाबमोजिम सामेल हुन तथा दाबी पेस गर्न रिट निवेदकले सक्ने अवस्था बाँकी नै हुँदा निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्था नहुँदा विपक्षी झिकाई रहनु पर्नेसमेत नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७२-WO-०४४५, उत्प्रेषण / परमादेश, *तिर्थलाल श्रेष्ठसमेत वि. का.जि. का.म.न.पा. वडा नं. २५ मा कार्यालय रहेको हनुमानढोका दरबार संग्रहालय विकास समितिसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।